
# मध्यमकालीन खर्च संरचना

## आ.व. २०८३/८४ देखि २०८५/८६सम्म





शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल

२०८३ असार

विषयवस्तु


१. परिच्छेद-१ ........ १

१.१. पृष्ठभूमि ........ १

१.२. मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ १

१.३. मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ २

१.४. नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास ........ २

१.५. कानूनी व्यवस्था ........ ३

१.६. संस्थागत व्यवस्था ........ ४

१.६.१. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ........ ४

१.६.२. मध्यमकालीन खर्च संरचना कार्यदल ........ ४

१.६.३. विषयगत योजना तर्जुमा समितिहरू ........ ४

१.६.४. बजेट तथा कार्यक्रम तर्जुमा समिति ........ ५

२. परिच्छेद-२ मध्यमकालीन खर्च संरचना ........ ६

२.१. अवसर ........ ६

२.२. समस्याहरु र चुनौतीहरु ........ ७

२.३. दीर्घकालिन सोच, समष्टिगत लक्ष्य र रणनीति ........ ७

२.४. समष्टिगत उद्देश्यहरु ........ ७

२.५. रणनीति ........ ८

२.६. बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड ........ ९

२.६.१. कार्यक्रम तथा आयोजनाको रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ९

२.६.२. कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १०

२.६.३. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १०

२.६.४. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनमुान तथा प्रक्षेपण ........ ११

२.६.५. जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनमुान तथा प्रक्षेपण ........ ११

२.६.६. विषय क्षेत्रको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु हजारमा) ........ १२

३. परिच्छेद-३ आर्थिक क्षेत्र ..... १३
३.१. कृषि, सिँचाई तथा खाद्य सुरक्षा ..... १३
३.१.१. पृष्ठभूमि ..... १३
३.१.२. समस्या र चुनौती ..... १४
३.१.३. सोच ..... १४
३.१.४. उद्देश्य ..... १४
३.१.५. रणनीति ..... १५
३.१.६. नतिजा सूचक तथा मध्यकालिन लक्ष ..... १५
३.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... १६
३.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ..... १६
३.१.९. जोखिम पक्ष तथा अनुमान ..... १६
३.२. पशुपन्छी विकास ..... १६
३.२.१. पृष्ठभूमि ..... १६
३.२.२. समस्या र चुनौती ..... १६
३.२.३. सोच ..... १७
३.२.४. उद्देश्य ..... १७
३.२.५. रणनीति ..... १७
३.२.६. नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य ..... १८
३.२.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... १८
३.२.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ..... १८
३.२.९. जोखिम पक्ष तथा अनुमान ..... १९
३.३. पर्यटन तथा संस्कृति ..... १९
३.३.१. पृष्ठभूमि ..... १९
३.३.२. समस्या तथा चुनौती ..... १९
३.३.३. सोच ..... २०
३.३.४. उद्देश्य ..... २०
३.३.५. रणनीति ..... २०
३.३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... २०

३.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २१
३.३.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ २१
३.३.९. जोखिम पक्ष तथा अनुमान ........ २१
३.४. भूमि, सहकारी, वित्त, उद्योग, व्यापार तथा आपूर्ति व्यवस्था ........ २१
३.४.१. पृष्ठभूमि ........ २१
३.४.२. समस्या तथा चुनौती ........ २२
३.४.३. दीर्घकालीन सोच ........ २३
३.४.४. उद्देश्य ........ २३
३.४.५. रणनीति ........ २४
३.४.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २४
३.४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २५
३.४.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २५
३.४.९. जोखिम पक्ष तथा अनुमान ........ २५
३.५. श्रम, रोजगारी र गरिबी निवारण ........ २६
३.५.१. पृष्ठभूमि ........ २६
३.५.२. समस्या र चुनौतीहरु ........ २६
३.५.३. सोच ........ २६
३.५.४. उद्देश्य ........ २६
३.५.५. रणनीति ........ २६
३.५.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २७
३.५.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २७
३.५.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २७
३.५.९. जोखिम पक्ष तथा अनुमान ........ २८
४. परिच्छेद-४ सामाजिक क्षेत्र ........ २९
४.१. शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन ........ २९
४.१.१. पृष्ठभूमि ........ २९
४.१.२. समस्या तथा चुनौती ........ ३०
४.१.३. सोच ........ ३२

४.१.४. उद्देश्य ...... ३२

४.१.५. रणनीति ...... ३२

४.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३३

४.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३४

४.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ...... ३४

४.२. जनस्वास्थ्य र पोषण ...... ३५

४.२.१. पृष्ठभूमि ...... ३५

४.२.२. समस्या तथा चुनौती ...... ३५

४.२.३. सोच ...... ३६

४.२.४. लक्ष्य ...... ३६

४.२.५. उद्देश्य ...... ३६

४.२.६. रणनीति ...... ३६

४.२.७. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३७

४.२.८. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३७

४.२.९. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३८

४.२.१०. जोखिम तथा अनुमान ...... ३८

४.३. खानेपानी तथा सरसफाइ ...... ३८

४.३.१. पृष्ठभूमि ...... ३८

४.३.२. समस्या तथा चुनौती ...... ३८

४.३.३. सोच ...... ३९

४.३.४. उद्देश्य ...... ३९

४.३.५. रणनीति ...... ३९

४.३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३९

४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ४०

४.३.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ...... ४०

४.४. सामाजिक समावेशीकरण र संरक्षण ...... ४०

४.४.१. पृष्ठभूमि ...... ४०

४.४.२. समस्या तथा चुनौती ...... ४१

४.४.३. सोच ........ ४१
४.४.४. उद्देश्य ........ ४१
४.४.५. रणनीति ........ ४१
४.४.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४२
४.४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४२
४.४.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ४३
४.५. सामाजिक सुरक्षा तथा पञ्जीकरण ........ ४३
४.५.१. पृष्ठभूमि ........ ४३
४.५.२. समस्या र चुनौतीहरु ........ ४३
४.५.३. सोच ........ ४३
४.५.४. उद्देश्य ........ ४३
४.५.५. रणनीति ........ ४४
४.५.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४४
४.५.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४४
४.५.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ४५
५. परिच्छेद-५ भौतिक पूर्वाधार ........ ४६
५.१. भवन, आवास, बस्ती तथा शहरी विकास ........ ४६
५.१.१. पृष्ठभूमि ........ ४६
५.१.२. समस्या तथा चुनौती ........ ४६
५.१.३. सोच ........ ४६
५.१.४. उद्देश्य ........ ४६
५.१.५. रणनीति ........ ४६
५.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४७
५.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४७
५.१.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४७
५.२. सडक, पुल तथा यातायात ........ ४८
५.२.१. पृष्ठभूमि ........ ४८
५.२.२. समस्या तथा चुनौती ........ ४८

५.२.३. सोच ........................................................................................... ४९
५.२.४. उद्देश्य ......................................................................................... ४९
५.२.५. रणनीति ........................................................................................ ४९
५.२.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................... ४९
५.२.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ ४९
५.२.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ...................................................... ५०
५.३. विद्युत तथा स्वच्छ ऊर्जा ......................................................................... ५०
५.३.१. पृष्ठभूमि ....................................................................................... ५०
५.३.२. समस्या तथा चुनौती ........................................................................... ५०
५.३.३. सोंच ............................................................................................ ५०
५.३.४. उद्देश्य ......................................................................................... ५०
५.३.५. रणनीति ........................................................................................ ५१
५.३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................... ५१
५.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ ५१
५.३.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ...................................................... ५१
५.४. सूचना र सञ्चार प्रविधि ........................................................................... ५२
५.४.१. पृष्ठभूमि ....................................................................................... ५२
५.४.२. समस्या तथा चुनौती ........................................................................... ५२
५.४.३. सोंच ............................................................................................ ५२
५.४.४. उद्देश्य ......................................................................................... ५२
५.४.५. रणनीति ........................................................................................ ५२
५.४.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................... ५२
५.४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ ५३
५.४.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ...................................................... ५३
६. परिच्छेद — ६ वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन .................. ५४
६.१. वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन ................................ ५४
६.१.१. पृष्ठभूमि ....................................................................................... ५४
६.१.२. समस्या तथा चुनौती ........................................................................... ५५

६.१.३. सोच ........ ५६

६.१.४. उद्देश्य ........ ५६

६.१.५. रणनीति ........ ५६

६.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५७

६.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५८

६.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ५८

७. परिच्छेद — ७ संस्थागत विकास र सुशासन ........ ५९

७.१. संस्थागत क्षमता तथा सुशासन ........ ५९

७.१.१. पृष्ठभूमि ........ ५९

७.१.२. समस्या तथा चुनौती ........ ६०

७.१.३. सोच ........ ६१

७.१.४. उद्देश्य ........ ६१

७.१.५. रणनीति ........ ६१

७.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२

७.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६२

७.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ६३

७.२. राजश्व र स्रोत परिचालन ........ ६३

७.२.१. पृष्ठभूमि ........ ६३

७.२.२. समस्या तथा चुनौती ........ ६३

७.२.३. सोच ........ ६४

७.२.४. उद्देश्य ........ ६४

७.२.५. रणनीति ........ ६४

७.२.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६५

७.२.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६५

७.२.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६५

८. अनुसूची १- खर्च तथा स्रोतको अनुमान, विषयगत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण ........ ६६

# १. परिच्छेद-१

## १.१. पृष्ठभूमि

नेपालको संविधानको कार्यान्वयन, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय दीर्घकालीन लक्ष्य, सोह्रौं योजना र दीगो विकासको लक्ष्य तथा बागमती प्रदेशको आवधिक योजना र यसले लिएका लक्ष्य तथा तथा नगरपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । वि.स. २०८७ सम्म मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न तथा वि.सं. २१०० सम्म समुन्नत मुलुकको रुपमा स्तरोन्नती गर्न नगरपालिका स्तरबाट समेत भूमिका खेल्नुपर्ने हुन्छ जसको लागि सार्वजनिक खर्चको प्रवाभकारी र मितव्ययी ढङ्गले उपयोग गर्न आवश्यक छ ।मध्यमकालीन खर्च संरचनाले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ । यसको प्रमुख उद्देश्य स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ । उक्त खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याई, प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने श्रोत र खर्चको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्च सँगको तादात्म्यता, सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याईएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण जस्ता विषय समावेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।यसै पृष्ठभुमिमा रही यस शंखरापुर नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

## १.२. मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो। यसले स्रोत साधनको यथार्थपरक आँकलन गरी त्यसको अधिकतम तथा उच्चतम उपयोगको लागि प्राथमिकता निर्धारण गरी मध्यमकालीन (त्रिवर्षीय) प्रक्षेपण गर्दछ । यस अन्तर्गत समष्टिगत बजेट तथा नतिजा खाका तयार गरिन्छ । यो चक्रीय हिसाबले प्रत्येक वर्ष तयार गरिन्छ । यसमा खर्च र स्रोत पहिलो वर्षको वास्तविक अनुमान गरिएको छ भने आगामी दुई वर्षको लागि प्रक्षेपण गरिएको छ । चालु वर्षको कार्यान्वयन समीक्षाका आधारमा आगामी २ वर्षको परिमार्जन गर्दै एक वर्ष थप्दै लगिनेछ ।यसका उद्देश्य देहाय अनुसारका छन्।

क) नगरपालिकाको खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी नगरपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनमुान गरी बजेट खाका तर्जुमा गर्नु,

ख) आवधिक योजना र वार्षिक कार्यक्रमबीच अन्तरसम्बन्ध स्थापित गर्दै विनियोजन कुशलता कायम गर्नु,

ग) नगरपालिकाको विकासका योजनाहरुको प्राथमिकता क्षेत्रमा लगानी सुनिश्चित गर्न स्रोत साधनको विनियोजन प्रक्रियाको पुनः संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा स्रोत सुनिश्चित गर्नु,

घ) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा हासिल गर्न सहयोग गर्नु,

ङ) लैङ्गिक उत्तरदायी बजेट निर्माणमा सहयोग गर्नु,

च) जलवायु उत्थानशील योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्नु,

छ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु,

ज) सार्वजनिक खर्चलाई प्रभावकारी र नतिजामुखी बनाउनु,

झ) लगानीबाट प्राप्त हुने उपलब्धि मापनमा सहजता ल्याउनु

ञ) खर्च प्रणालीलाई पारदर्शी र मितव्ययी बनाई वित्तीय सुशासन कायम गर्नु।

## १.३. मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि आदिको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ।

क) नेपालको संविधान

ख) दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)

ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ) राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा सोह्रौं राष्ट्रिय योजना (आ.व.२०८१/८२-२०८५/८६)

ङ) प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका,२०७७

च) स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९

छ) बागमती प्रदेशको दोस्रो आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६)

ज) नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम

झ) शंखरापुर नगरपालिकाको आवधिक नगर विकास योजना (आ.व.२०८०/८१-२०८५/८६ )

ञ) शंखरापुर नगरपालिकाको अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.४. नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास

मध्यमकालीन खर्च संरचनाको सुरुवात दशौं योजना (वि.सं. २०५९ देखि २०६५) सँगसँगै भएको थियो । पहिलोपटक आर्थिक वर्ष २०५९/६० मा मध्यकालिन खर्च संरचानको तर्जुमा भएको थियो। शुरुमा शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, विद्युत, सडक, र जलस्रोत जस्ता मुख्य क्षेत्रमा यसको सुरुवात गरिएको थियो । यसले आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने, विकास आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्य हासिल हुने गरी स्रोत

साधनको सदुपयोग गर्ने र पहिलो प्राथिकतामा परेका आयोजनामा स्रोतको सुनिश्चितता गर्ने उद्देश्य लिएको थियो । यसबाट वित्तीय अनुशासन र आर्थिक स्थायित्व कायम हुने अपेक्षा गरिएको थियो ।

## १.५. कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा बजेट बनाउने निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एवम् सङ्घ, प्रदेश र स्थानीय तहले सम्बन्धित तहको बजेट बनाउने व्यवस्था रहेको छ । यस्तै धारा ६० मा राजश्व स्रोतको बाँडफाँड एवम् वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारका अनुदानको व्यवस्था गरिएको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । ऐनको परिच्छेद ६ मा सार्वजनिक खर्च सम्बन्धी व्यवस्था रहेको छ । दफा १७ मा मध्यमकालीन खर्च संरचना सम्बन्धी नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा कार्यलयको परिभाषा अन्तर्गत स्थानीय तहका सबै सरकारी कार्यालय भनी परिभाषित गरिएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ मा कार्यालयले तीन वर्षको खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालिन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो मध्यमकालीन खर्च संरचना देहायको विवरणहरु खुलाउनुपर्ने व्यवस्था रहेको छ।

क) प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य,
ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याईं,
ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिको दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,
छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

यस बाहेक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ

।स्थानीय तह समेतको आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै पालिकाहरुले मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक छ ।

## १.६. संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहायबमोजिमको संस्थागत व्यवस्था रहेको छ ।

### १.६.१. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

### १.६.२. मध्यमकालीन खर्च संरचना कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहायबमोजिमको एक कार्यदल रहनेछ। सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, परिमार्जनका साथै शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने तथा सो शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गरिएको थियो।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| ग) प्रशासन शाखा प्रमुख | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) सूचना प्रविधि अधिकृत | सदस्य |
| च) एम.आइ.एस अपरेटर | सदस्य |
| छ) योजना शाखा प्रमुख | सदस्य सचिव |

विषयगत शाखाहरुलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिएको थियो। विषयगत रूपमा एकीकृत बजेट तयारीका लागि कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गरेको थियो।

### १.६.३. विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत, सीमा तथा मार्गदर्शनभित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस भएका कार्यक्रम तथा आयोजनालाई विषयगत

रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी पेस गर्ने कार्य वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरुले गर्नुपर्नेछ । मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहायबमोजिमका कार्यहरू गर्नुपर्नेछ।

क) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

ख) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने ।

ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने ।

### १.६.४. बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क) विषयगत समितिबाट पेस भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकीन गर्ने,

ख) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,

ग) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने,

घ) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिकालाई आधार लिई विषय उपक्षेत्रगत रुपमा तयार भएको त्रिवर्षीय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

ङ) स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेस गर्ने ।

# २. परिच्छेद-२
# मध्यमकालीन खर्च संरचना

नेपालको संविधानले तोकेका निर्देशक सिद्धान्त तथा नीतिहरुले निर्दिष्ट गरेका लक्ष्यहरु तथा स्थानीय तहलाई प्राप्त अधिकारको परिधि भित्र रही स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र ऐन कानूहरु तर्जुमा गर्ने, नीति बनाउने, आयोजनाहरु छनोट गर्ने, बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु प्राप्त भएका छन्। उल्लेखित अधिकारहरुको अधिनमा रही नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र आवधिक योजना तर्जुमा गर्ने, वार्षिक बजेट तयार गर्ने तथा वार्षिक बजेट र आवधिक योजनाको तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संचरना तयार गर्नुपर्ने हुन्छ । प्रदेश र सङ्घका आवधिक योजनाहरुले लिएको लक्ष्यहरुलाई आत्मसात् गर्दै तयार गरिएको नगरपालिकाको आवधिक योजनालाई बजेटसँग तादात्म्यता कायम गरी यसका लक्ष्यहरु परिपूर्ति गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ ।शंखरापुर नगरपालिकाले तयार गरेको पञ्चवर्षीय योजनासँग वार्षिक बजेटलाई जोड्न यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

नेपाल सरकारको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार सोह्रौं योजना, बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना तथा नगरपालिकाको प्रथम आवधिक योजनामा समावेश नीति तथा कार्यक्रमलाई यसमा आत्मसात गर्ने प्रयास गरिएको छ ।नगरपालिकाले तयार पारेको आवधिक योजनाको प्राथमिकता, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिको आधारमा नै यो मध्यमकालीन खर्च संरचनाको प्राथमिकता, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति तयार पारिएको छ ।

## २.१. अवसर

समग्र देशकै कुल गार्हस्थ्य उत्पादन, राजस्व एवम् कृषि, उद्योग तथा सेवा क्षेत्रको ठूलो हिस्सा ओगट्ने बागमती प्रदेश अन्तर्गत रहेको शंखरापुर नगरपालिकाको धरातलीय अवस्थिति आफैमा धेरै सम्भावना तथा अवसर बोकेको छ। काठमाडौं जिल्लाको पूर्वी भेगमा रहेको यस नगरपालिका एक वडा एक कृषि पकेट क्षेत्रको विकास र दुग्ध उत्पादनमा आत्मनिर्भर हुने दिशा तर्फ उन्मुख हुँदै गई रहेको छ। तसर्थ व्यवसायिक कृषि यहाँको प्रमुख सम्भावना भएको क्षेत्र हो। अर्को तर्फ काठमाडौं जिल्लाको अत्याधिक जनघनत्व रहेको विशाल बजार तथा सहरहरुको सहज पँहुच प्राप्त यो नगरपालिकाका लागि कृषि, उद्योग, व्यवसाय, पर्यटन, बैङ्क तथा वित्तीय क्षेत्रको विकासको सम्भावना तथा अवसर दुबै छ।यसै गरी जैविक विविधता, भौगोलिक विविधता, जलवायु विविधता तथा जलाधारयुक्त क्षेत्रको प्रवर्द्धनबाट नगरपालिकाले धेरै लाभ लिन सक्ने देखिन्छ।विद्यमान पर्यटन व्यवसायलाई थप आकर्षक बनाई "पर्यटकीय हब" को रुपमा विकास गर्न सकिने आधारहरु थुप्रै छन्। वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी नगरपालिकामा उद्यमशीलता विकास, रोजगारीका अवसर वृद्धि, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशील हुनु, नीति, कानुन, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका कार्यहरु क्रमशः कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरु हुन्।नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानवपूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार,

पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

## २.२. समस्याहरु र चुनौतीहरु

संविधान प्रदत्त २२ वटा एकल अधिकार र सङ्घ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न शंखरापुर नगरपालिकासँग पर्याप्त कानुन तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ। संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य,सोह्रौं योजना, बागमती प्रदेशको दोस्रो आवधिक योजना र यस नगरपालिकाको आवधिक योजनाको उद्देश्य हासिल गर्न नगरपालिकामा पर्याप्त ऐन तथा नीतिहरु बनिनसक्नु, वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पूरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र नगरपालिकाको सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चुनौतिको रुपमा लिएको छ।

यसैगरी, न्यून जनसङ्ख्याका कारण उपलब्ध जनसाङ्खिक लाभको कमी, बढ्दो शहरीकरणको प्रभाव, करदातामा न्यून सचेतना, विकट भौगोलिक अवस्थितिका कारण भौतिक पूर्वाधारको विकास तथा निर्माणका लागि पर्याप्त लगानीको व्यवस्थापन हुन नसक्नु, राष्ट्रिय निकुञ्ज र वनजङ्गलका बाँदर र बँदेलका कारण कृषि उत्पादन र उत्पादकत्वमा ह्रास आउनु, पहिरोबाट उत्पन्न क्षतिको व्यवस्थापन हुन आवश्यक लगानीको अभाव, पर्याप्त कृषि र पशुजन्य पूर्वाधारको अभाव, बिचौलियाको कारण कृषकहरुले अधिकतम लाभ लिन नसक्नु, पर्यटकीय व्यवसायको लागि पर्याप्त पूर्वाधार तथा सूचना केन्द्रको विकास गर्न नसक्नु, लैङ्गिक हिंसा तथा विभेद कायमनै रहनु, स्वच्छ र सफा खानेपानीको सहज र नियमित उपलब्धता नहुनु, नगर सरसफाइका लागि फोहोरको उचित व्यवस्थापन हुन नसक्नु, पर्याप्त खेल मैदानका पूर्वाधार विकास नहुनु, सामुदायिक विद्यालयमा भर्ना दर र विद्यार्थी टिकाउ दर न्यून रहनु, स्वास्थ्य सेवामा सबैको सहज पँहुच नहुनु, विपन्न परिवारको यथार्थपरक पहिचान भई नसक्नु चुनौतिपूर्ण रहेका छन्।

## २.३. दीर्घकालिन सोच, समष्टिगत लक्ष्य र रणनीति

**दीर्घकालीन सोंच**

*"सांस्कृतिक तथा पर्यटकीय समृद्ध शंखरापुर नगर"*

**समष्टिगत लक्ष्य**

उपलब्ध स्रोत र साधनको विवेकपूर्ण उपयोगबाट शंखरापुर नगरपालिलाई सामाजिक¸ आर्थिक तथा संस्थागत रूपमा समृद्ध नगरको रुपमा स्थापित गर्ने ।

## २.४. समष्टिगत उद्देश्यहरु

**आर्थिक विकासको उद्देश्य**

- नगरको आत्मनिर्भर अर्थतन्त्र विकासको लागि स्थानीय स्रोत साधनको दिगो उपयोग र प्रभावकारी व्यवस्थापन मार्फत कृषि, पशु, पर्यटन क्षेत्रको उत्पादकत्व वृद्धि गर्दै उद्यमशिलता र रोजगारीका अवसरहरु सृजना गरी सामाजिक न्याय सहितको समतामूलक आर्थिक विकास गर्नु ।

### सामाजिक विकासको उद्देश्य

- शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवालाई गुणस्तरीय, सर्वसुलभ र निःशुल्क बनाउँदै सबै वर्ग एवम् समुदायको सहज पहुँचमा जोड दिँदै समानता तथा समावेशीकरणका आधारमा समतामूलक समाजको आधार निर्माण गर्नु ।

### भौतिक पूर्वाधार विकासको उद्देश्य

- गुणस्तरीय, आधुनिक, दिगो, वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री पूर्वाधारको विकास गरी नगरपालिकाको सन्तुलित विकास गर्नु ।

### वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य

- वन जलाधार तथा जैविक विविधताको संरक्षण गर्नु साथै प्राकृतिक तथा मानव सिर्जित विपद्, वातावरण, प्रतिकार्यको तयारी गरी विपद्बाट हुने क्षति कम गर्नु।

### संस्थागत विकास तथा वित्तीय व्यवस्थापनको उदेश्य

- सूचना प्रविधिको उच्चतम उपयोगमार्फत संस्थागत स्मरणशक्ति सम्पन्न संयन्त्रको विकास गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो, प्रभावकारी, पारदर्शी तथा जवाफदेही बनाउँदै सुशासन सुनिश्चित गर्ने।

## २.५. रणनीति

१. कृषि तथा पशुजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउन आधुनिकीकरण र व्यावसायीकरणमा जोड दिने ।

२. कृषि तथा वनमा आधारित उद्यम विकास गरी पालिकाको उत्पादन, आय तथा रोजगारी वृद्धिमा जोड दिने ।

३. स्थानीय सीप, प्रविधि र पूँजीको उच्चतम उपयोग एवम् संरक्षण गर्दै रोजगारी सिर्जना र स्वरोजगार प्रवर्द्धनमा जोड दिने ।

४. पर्यटन, गन्तव्य, वस्तु र सेवाको विकास तथा विविधीकरण गर्नु ।

५. शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवा सुबिधा निःशुल्क र सर्वसुलभ गर्दै समतामूलक समाज निर्माण गर्ने

६. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको सिद्धान्त सबै क्षेत्रमा लागु गर्ने ।

७. स्थानीय भाषा, धर्म, संस्कृति, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकासमा जोड दिने ।

८. सुरक्षित र व्यवस्थित आवासको हकलाई आत्मसात् गर्दै विपद् जोखिम न्यूनीकरण हुने गरी सुरक्षित बसोबासको प्रबन्धमा जोड दिने ।

९. सन्तुलित र दिगो विकासका लागि सार्वजनिक, निजी ,सहकारी तथा निजी क्षेत्र बीच सहकार्य र समन्वयलाई प्राथमिकतामा राख्ने ।

१०. प्रविधिमैत्री सार्वजनिक प्रशासनमार्फत जवाफदेहिता, पारदर्शिता, नमुनायोग्य र परिणाममुखी शासन व्यवस्था सञ्चालन गर्दै नतिजामुखी प्रणालीको विकास गर्ने ।

११. स्थानीयस्तरमा योजना छनोटदेखि कार्यान्वयन तहसम्म नागरिकसँग सहकार्य, समन्वय र साझेदारीमा जोड दिने ।

यस मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको आवधिक योजनाको समष्टीगत उद्देश्यहरु तथा रणनीतिहरुलाई नै ग्रहण गर्नुपर्ने हुन्छ । साथै सोहि रणनीतिमा आधारित भई मध्यमकालीन खर्च संरचनाले रणनीतिक रुपमा बजेट बाँडफाँड गर्ने र कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने हुन्छ । नगरपालिकाको आवधिक योजनाले ५ वटा समष्टिगत उद्देश्यहरु तथा ११ वटा रणनीति प्रस्तुत गरेको सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले तिनै बुँदागत उद्देश्य तथा रणनीतिमा आधारित भई देहायका ६ वटा प्रमुख रणनीतिक स्तम्भहरु तय गरेको छ ।

१. आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
२. अनिवार्य, सर्वसुभल एवम् गुणस्तरीय शिक्षा र उद्यमशिलता उन्मुख शिक्षा पद्धतिको सुनिश्चितता गर्ने ।
३. अनिवार्य, आधारभूत र गुणस्तरीय स्वास्थ्यको प्रत्याभूतिमार्फत नगरवासीको जीवन परिष्कृत बनाउने ।
४. मानवपूँजी निर्माण र सशक्तीकरण सहित युवा, महिला र लक्षित वर्ग समुहहरुको आर्थिक तथा सामाजिक कार्यमा संलग्न गराउने ।
५. दिगो विकासका लक्ष्यहरुसँग तादात्म्यता गरी स्रोतहरुको संरक्षण र परिचालनमार्फत उत्पादनशीलताको विकास गर्ने ।
६. सार्वजनिक सेवाको सुदृढीकरणमार्फत आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण र पूर्वाधारयुक्त नगर निर्माण गर्ने ।

## २.६. बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

***(सङ्घ/प्रदेशबाट प्राप्त हुने समपुरक, विशेष तथा सशर्त योजना/कार्यक्रम समावेश नगरिएको)***

### २.६.१. कार्यक्रम तथा आयोजनाको रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| रणनीतिक स्तम्भ | आ.व.२०८३/८४ को खर्च प्रक्षेपण (रु.हजारमा) | | आ.व.२०८४/८५को खर्च प्रक्षेपण (रु.हजारमा) | | आ.व.२०८५/८६ कोखर्च प्रक्षेपण (रु.हजारमा) | |
|---|---|---|---|---|---|---|
| | रकम | % | रकम | % | रकम | % |
| कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता, आधुनिकीकरण र व्यावसायीकरण | २२३०० | ४.४६ | २२३०० | ४.४६ | २२३०० | ४.४६ |
| प्रविधिमैत्री, पारदर्शी तथा परिणाममुखी सुशासन | ५१४५० | १०.३० | ५१४५० | १०.३० | ५१४५० | १०.३० |
| नागरिक सहभागिता, सहकार्य र साझेदारी | ५०० | ०.१० | ५०० | ०.१० | ५०० | ०.१० |
| अध्ययन तथा अनुसन्धानलाई प्राथमिकता | १२०० | ०.२४ | १२०० | ०.२४ | १२०० | ०.२४ |
| कृषि तथा वनमा आधारित उद्यम, उत्पादन, आय र रोजगारी वृद्धि | १३५० | ०.२७ | १३५० | ०.२७ | १३५० | ०.२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय सीप, प्रविधि, पूँजीको उपयोग तथा स्वरोजगार प्रवर्द्धन | २३५० | ०.४७ | २३५० | ०.४७ | २३५० | ०.४७ |
| शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवा सर्वसुलभ बनाउने | ११८६६१ | २३.७५ | ११८६६१ | २३.७५ | ११८६६१ | २३.७५ |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १५५९० | ३.१२ | १५५९० | ३.१२ | १५५९० | ३.१२ |
| भाषा, धर्म, संस्कृति, कला तथा साहित्य संरक्षण | ४६८०० | ९.३७ | ४६८०० | ९.३७ | ४६८०० | ९.३७ |
| पर्यटन विकास तथा विविधीकरण | २०४५० | ४.०९ | २०४५० | ४.०९ | २०४५० | ४.०९ |
| सुरक्षित आवास तथा विपद् जोखिम न्यूनीकरण | २४३०० | ४.८६ | २४३०० | ४.८६ | २४३०० | ४.८६ |
| सार्वजनिक—निजी—सहकारी साझेदारी | १९४६४५ | ३८.९६ | १९४६४५ | ३८.९६ | १९४६४५ | ३८.९६ |
| **जम्मा** | ४९९५९६ | १००.०० | ४९९५९६ | १००.०० | ४९९५९६ | १००.०० |

### २.६.२.कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकताक्रम | आ.व.२०८३/८४ को खर्च प्रक्षेपण (रु.हजारमा) | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण (रु.हजारमा) | | आ.व.२०८५/८६ को खर्च प्रक्षेपण (रु.हजारमा) | |
|---|---|---|---|---|---|---|
| | रकम | % | रकम | % | रकम | % |
| पहिलो (P1) | २८३४०६ | ५६.७२ | २८३४०६ | ५६.७२ | २८३४०६ | ५६.७२ |
| दोश्रो(P2) | २१६१९० | ४३.२८ | २१६१९० | ४३.२८ | २१६१९० | ४३.२८ |
| **जम्मा** | **४९९५९६** | **१००** | **४९९५९६** | **१००** | **४९९५९६** | **१००** |

### २.६.३.दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत | दीगो विकास लक्ष्य | मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | | २०८४/८५ | | २०८५/८६ | |
| | | रकम | % | रकम | % | रकम | % |
| १ | गरिबीको अन्त्य | - | - | - | - | - | - |
| २ | शुन्य भोकमरी | १४७५० | २.९५ | १४७५० | २.९५ | १४७५० | २.९५ |
| ३ | स्वस्थ जीवन | ४८७९० | ९.७७ | ४८७९० | ९.७७ | ४८७९० | ९.७७ |
| ४ | गुणस्तरीय शिक्षा | ४६१११ | ९.२३ | ४६१११ | ९.२३ | ४६१११ | ९.२३ |
| ५ | लैङ्गिक समानता | ८४०५ | १.६८ | ८४०५ | १.६८ | ८४०५ | १.६८ |
| ६ | दीगो सफापानी र सरसफाइ | ३०२२० | ६.०५ | ३०२२० | ६.०५ | ३०२२० | ६.०५ |
| ७ | आधुनिक उर्जामा पहुँच | ५०० | ०.१०८ | ५०० | ०.१०८ | ५०० | ०.१०८ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ७०७५ | १.४२ | ७०७५ | १.४२ | ७०७५ | १.४२ |
| ९ | उद्योग,नविन खोज र पूर्वाधार | २०५६९५ | ४१.१७ | २०५६९५ | ४१.१७ | २०५६९५ | ४१.१७ |

| संकेत | दीगो विकास लक्ष्य | मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | | २०८४/८५ | | २०८५/८६ | |
| | | रकम | % | रकम | % | रकम | % |
| १० | असमानता न्यूनिकरण | | | | | | |
| ११ | दीगो शहर र बस्तीहरु | ४८९०० | ९.७९ | ४८९०० | ९.७९ | ४८९०० | ९.७९ |
| १२ | दीगो उत्पादन र उपभोग | ८६०० | १.७२ | ८६०० | १.७२ | ८६०० | १.७२ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | १५४०० | ३.०८ | १५४०० | ३.०८ | १५४०० | ३.०८ |
| १४ | भू-सतह स्रोतको उपयोग | - | - | - | - | - | - |
| १५ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १७६०० | ३.५२ | १७६०० | ३.५२ | १७६०० | ३.५२ |
| १६ | दीगो विकास लक्ष्यका लागि विश्वव्यापी साझेदारी | ४६५५० | ९.३२ | ४६५५० | ९.३२ | ४६५५० | ९.३२ |
| १७ | दीगो शहर र बस्तीहरु | १५०० | ०.३० | १५०० | ०.३० | १५०० | ०.३० |
| **जम्मा** | | ४९९५९६ | १०० | ४९९५९६ | १०० | ४९९५९६ | १०० |

### २.६.४.लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनमुान तथा प्रक्षेपण

| संकेत नं | लैंङ्गिक संकेत | आ.व.२०८३/८४को खर्च प्रक्षेपण (रु.हजारमा) | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण(रु.हजारमा) | | आ.व.२०८५/८६को खर्च प्रक्षेपण (रु.हजारमा) | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | २५०२१ | ५.०१ | २५०२१ | ५.०१ | २५०२१ | ५.०१ |
| २ | सहयोगी | ४७१५२५ | ९४.३८ | ४७१५२५ | ९४.३८ | ४७१५२५ | ९४.३८ |
| ३ | तटस्थ | ३०५० | ०.६१ | ३०५० | ०.६१ | ३०५० | ०.६१ |
| कुल जम्मा | | ४९९५९६ | १०० | ४९९५९६ | १०० | ४९९५९६ | १०० |

### २.६.५.जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनमुान तथा प्रक्षेपण

| संकेत नं | जलवायु संकेत | आ.व.२०८३/८४को खर्च प्रक्षेपण (रु.हजारमा) | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण(रु.हजारमा) | | आ.व.२०८५/८६ को खर्च प्रक्षेपण(रु.हजारमा) | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्दर्भिक | १५८०० | ३.२ | १५८०० | ३.२ | १५८०० | ३.२ |
| २ | सान्दर्भिक | ३२३३५६ | ६४.७ | ३२३३५६ | ६४.७ | ३२३३५६ | ६४.७ |
| ३ | तटस्थ | १६०४४० | ३२.१ | १६०४४० | ३२.१ | १६०४४० | ३२.१ |
| कुल जम्मा | | ४९९५९६ | १०० | ४९९५९६ | १०० | ४९९५९६ | १०० |

## २.६.६.विषय क्षेत्रको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु हजारमा)

(सङ्घ/प्रदेशबाट प्राप्त हुने समपुरक, विशेष तथा सशर्त अनुदान सहित)

| क.स | विवरण | २०८१/८२को यथार्थ | २०८२/८३को संशोधित अनुमान | मध्यमकालीन खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | **कुल बजेट** | **८५७८५.६२** | **९७५६५०.५५** | **१३९२०९९** | **१३९२०९९** | **१३९२०९९** |
| २ | कुल राजश्व | ४४२४७१.१९ | ४८२९१८.८ | ८४१५१७ | ८४१५१७ | ८४१५१७ |
| २.१ | आन्तरिक श्रोत | १८८९६६.८३ | १९५४५८.१४ | ३२७७३६ | ३२७७३६ | ३२७७३६ |
| २.२ | राजस्व बाँडफाँडबाट प्राप्त रकम | २५३५०४.३६ | २८७४६०.६६ | ५१३७८० | ५१३७८० | ५१३७८० |
| २.३ | अन्य आय | - | - | - | - | - |
| ३ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४१५३८५.६४ | ४९२७३१.७४ | ५५०५८२ | ५५०५८२ | ५५०५८२ |

# ३. परिच्छेद-३
# आर्थिक क्षेत्र

यस मध्यमकालीन खर्च संरचना प्रयोजनका लागि कृषि, पशुपन्छी तथा मत्स्य, सहकारी, उद्यम विकास, भुमि व्यवस्था, पर्यटन, खानी खनिज, उद्योग, बैंक तथा वित्तीय क्षेत्र र गरिबी निवारण उप-क्षेत्रहरु आर्थिक क्षेत्रमा समावेश गरिएको छ । उपर्युक्त उप-क्षेत्रहरुको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

शंखरापुर नगरपालिकाको हालसम्मको अनुभव र सिकाईको आधारमा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी नगरबासीको जीवनस्तर उकास्ने, सन्तुलित विकासको अवधारणा अवलम्बन गर्ने र जनसहभागितमा आधारित समानुपातिक विकास प्रक्रिया कार्यान्वयन गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। योजनाबद्ध विकास नीति अनुरुप परिणात्मक लक्ष्य राखी निर्माण गरिएको यो मध्यमकालीन खर्च संरचना निर्माण गर्दा नगरपालिकाको वर्तमान स्थितिको मूल्याङ्कन, कार्यसम्पादन र प्रगति विवरणको अध्ययन र नगरपालिकाले लिएको मध्यमकालीन तथा दीर्घकालीन सोचलाई आधार मानिएको छ ।

## ३.१. कृषि, सिँचाई तथा खाद्य सुरक्षा

### ३.१.१. पृष्ठभूमि

कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर हुँदै निर्यातमूलक अवस्थातर्फ उन्मुख गराउने सोचअनुरूप शंखरापुर नगरपालिकाको कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। उपलब्ध श्रम तथा सीपको उपयोग र पहुँच विस्तार गरी रोजगारी सिर्जना गर्दै कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रीकरणका माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ।

राष्ट्रिय कृषि गणना, २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्यामध्ये ५९.३५ प्रतिशत कृषि रहेको देखिन्छ। आर्थिक रूपमा सक्रिय जनसंख्याको आधारमा कृषि तथा पशुपालन पेशामा आश्रित जनसंख्या रहेको छ, जसमा कृषिमा ४५.९४ प्रतिशत र पशुपालनमा २.९२ प्रतिशत रहेको देखिन्छ।

नगरपालिकाको कुल क्षेत्रफल ६,०२१ हेक्टर रहेकोमा १,१५७.९ हेक्टर खेतीयोग्य जमिन रहेको छ। खेतीयोग्य जमिनमध्ये १,०७६.५६ हेक्टरमा खेती भइरहेको छ भने करिब ७९२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। नगरपालिकामा विसम्भरा राजकुलो, गोल्मादेवी सामरी सिँचाइ, मूल कुलो, लप्सेफेदी कुलो, मणिलिङ्गेश्वर सिँचाइ कुलो, चित्रेखोला कुलो, साँखु राजकुलो, भारे सिँचाइ आयोजना, सल्ले पाखुरे, जर्के खोला—पटाप सिँचाइ आयोजना लगायतका सिँचाइका स्रोत तथा आयोजनाबाट कृषि क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ।

नगरपालिकामा कृषि, खाद्य सुरक्षा तथा सिँचाइ सम्बन्धी कृषि तथा पशुपन्छी ऐन, २०७७, कृषि विकास सेवा सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७९, फलफूल बिरुवा वितरण कार्यविधि, २०७९, मिनी हाइटेक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९, स्कुस खेती टेका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९, मौरी तथा च्याउ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९, प्लास्टिक टनेल वितरण कार्यविधि, २०७९, कृषि तथा

पशुजन्य वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१, नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ तथा कृषक समूहद्वारा उन्नत बीउ उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लगायतका कानुनी तथा नीतिगत व्यवस्था तयार भई कार्यान्वयनमा रहेका छन्।

यी नीतिगत तथा कार्यक्रमगत व्यवस्थामार्फत कृषकलाई अनुदानमा उन्नत बीउ तथा कृषि सामग्री वितरण, कृषि यान्त्रीकरण, फलफूल तथा तरकारी खेती प्रवर्द्धन, सिँचाइ सुविधा विस्तार, स्थलगत घुम्ती तालिम तथा प्राविधिक सेवा उपलब्ध गराई कृषकको क्षमता अभिवृद्धि गर्ने र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्य हुँदै आएको छ। आगामी दिनमा कृषि क्षेत्रलाई थप व्यावसायिक, प्रतिस्पर्धी, आधुनिक तथा आत्मनिर्भर बनाउँदै कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा निर्यात प्रवर्द्धनमा जोड दिन आवश्यक देखिन्छ।

### ३.१.२. समस्या र चुनौती

- कृषि उपजको उत्पादन तथा उत्पादकत्व न्यून हुनु,रासायनिक मल समयमै पर्याप्त मात्रामा उपलब्ध नहुनु, सिँचाइ सुविधा पर्याप्त नहुनु ।
- कृषिमा यान्त्रिकीकरण अपेक्षित रूपमा हुन नसक्नु।
- कृषि योग्य भूमिमा अनियन्त्रित सहरीकरण तथा बस्ती विस्तार हुनु।
- कृषि पेशालाई युवाहरूका लागि आकर्षक तथा मर्यादित बनाउन नसक्नु।
- कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव बढ्दै जानु।
- कृषि उपजको उत्पादनदेखि बजारीकरणसम्मको मूल्य शृङ्खला विकास हुन नसक्नु।
- जैविक तथा वातावरणमैत्री खेती प्रणालीको पर्याप्त विस्तार हुन नसक्नु।
- आधुनिक कृषि प्रविधिको प्रयोग अपेक्षित रूपमा बढ्न नसक्नु।
- कृषि क्षेत्रलाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउन चुनौती हुनु।
- बाँदर, बँदेल तथा मृग आदिबाट बाली नष्ट गरिदिने, खाइदिने तथा क्षतिको बीमा नगरिने प्रवृत्ति ।

### ३.१.३. सोच

"कृषि र पर्यटनको विकास, आर्थिक समृद्धिको आधार"

### ३.१.४. उद्देश्य

- कृषि उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।
- व्यवसायिक कृषिको माध्यमबाट रोजगार एवम् आयमा वृद्धि गरी समग्र नगरपालिकाको आर्थिक वृद्धिमा योगदान गर्नु ।
- कृषि क्षेत्रलाई नाफामुलक, गुणस्तरीय, दिगो एवम् व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
- कृषिलाई आधुनिकीकरण,यान्त्रिकीकरण तथा व्यवसायीकरण गर्दै युवालाई आकर्षित गर्नु ।
- कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुऱ्याउनु ।

- कृषिलाई आकर्षक र मर्यादित पेशाका रूपमा विकास गर्ने ।
- व्यवसायिक कृषिको माध्यमबाट रोजगार एवम् आयमा वृद्धि गरी समग्र नगरपालिकाको आर्थिक वृद्धिमा योगदान गर्नु ।
- कृषि क्षेत्रलाई नाफामुलक, गुणस्तरीय, दिगो एवम् व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
- कृषिलाई आधुनिकीकरण,यान्त्रिकीकरण तथा व्यवसायीकरण गर्दै युवालाई आकर्षित गर्नु ।
- कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुऱ्याउनु ।

### ३.१.५. रणनीति

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक प्रणालीमा रुपान्तरण गर्ने ।
- स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने ।
- बाह्रै महिना भरपर्दो सिँचाइको सुबिधा उपलब्ध गराउन बहुउद्देश्यीय आयोजनाको विकास तथा विस्तार गर्ने तथा विद्यमान सवै प्रकारका सिँचाइका कार्यलाई निरन्तर सुधार तथा विस्तार गर्ने ।
- कृषि उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गर्न कृषिजन्य उद्योगहरुको विकास गर्ने ।

### ३.१.६. नतिजा सूचक तथा मध्यकालिन लक्ष

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | क्षेत्रफल (हेक्टर) | २०८१/८२को उत्पादन मे.ट | २०८१/८२ को उत्पादकत्वत्व | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३/८४ | २०८३/८४ | २०८५/८६ |
| आलु उत्पादन | मे.ट | ५६१ | १४०२५ | २५ | २६.५ | २८ | ३० | ३२ |
| धान उत्पादन | मे.ट | ८५७.४३ | ४४६१ | ५.१ | ५.३ | ५.५ | ५.७ | ६.० |
| गँहु उत्पादन | मे.ट | ४३८.१७५ | २०४१.३५ | ४.६५ | ४.८ | ५.० | ५.१ | ५.२ |
| मकैं उत्पादन | मे.ट | ८२१.८ | २८७३ | ३.४९ | ३.५० | ४.० | ४.२ | ४.४ |
| कोदो | मे.ट | ४३५ | ६९६ | १.६ | १.७ | १.८ | १.९ | २.० |
| गोलभेडा | मे.ट | ४३ | २४०८ | ५६ | ५७ | ५८ | ६० | ६२ |
| काउली | मे.ट | ३० | ७५० | २५ | २६ | २६.५० | २८ | ३० |
| कागती | मे.ट | ३० | २७० | ९ | १० | ११ | १२ | १३ |
| सुन्तला | मे.ट | २५ | २१२.५ | ८.५ | ९.५ | १०.५ | ११.५ | १२.५ |
| सक्रिय व्यवसायिक | संख्या | | ४५ | ५० | ५५ | ६० | ७० | ८० |
| कृषि उपज | संख्या | | २ | २ | २ | ३ | ४ | ५ |

### ३.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि, सिँचाई तथा खाद्य सुरक्षा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ८३०० | ६८०० | १५०० | ० | ८३०० | ८३०० | ० | ० | ० |
| २०८४/८५ | ८३०० | ६८०० | १५०० | ० | ८३०० | ८३०० | ० | ० | ० |
| २०८५/८६ | ८३०० | ६८०० | १५०० | ० | ८३०० | ८३०० | ० | ० | ० |

### ३.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा सम्वद्ध सालवसाली | कृषि सम्वद्ध चालु कार्यक्रमहरुको निरन्तरता दिनु | सालवसाली | २४९०० | कृषि सम्वद्ध कार्यक्रमहरुको निरन्तरता भएको हुने |

### ३.१.९. जोखिम पक्ष तथा अनुमान

नगरपालिका भित्र सञ्चालित कृषि सम्वद्ध विकास आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन लगायत कार्यको लागि पर्याप्त दक्ष विज्ञ तथा कर्मचारीहरुको प्राप्ति हुने र अन्तर सरकार समन्वय भई समग्र कार्यक्रमको उपलब्धिका रुपमा लक्षित उपलब्धिहरु हासिल हुने अनुमान गरिएको छ । समन्वयात्मक रुपमा पर्याप्त साधन स्रोत तथा क्षमता एवम् प्रविधिको प्रभावकारी परिचालन हुन नसकेमा निर्धारित उद्देश्यहरु पूरा नहुने जोखिम रहेको छ ।

## ३.२. पशुपन्छी विकास

### ३.२.१. पृष्ठभूमि

शंखरापुर नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार कुल जनसंख्याको २५.९८ प्रतिशत कृषि तथा पशुपालन पेशामा आश्रित रहेको देखिन्छ । तर आर्थिक हिसाबले सक्रिय जनसंख्याको आधारमा पशुपालन पेशामा आश्रित जनसंख्या ४८ प्रतिशत रहेको देखिन्छ । यस नगरपालिकाका केही वडाहरु गाईभैसीको दुध उत्पादनका लागि उर्वर भूमि रहेका छन् ।

### ३.२.२. समस्या र चुनौती

- पशु सेवाको लागि पर्याप्त संख्यामा दक्ष प्राविधिक जनशक्तिको अभाव ।
- लागत भन्दा कम आम्दानी हुने किसानको लागि अनुदानको व्यवस्था नहुनु ।

- निजी स्तरमा पशु विज्ञ/डाक्टरबाट प्रदान गर्ने सेवाको शुल्क ज्यादै महँगो ।
- दूधको उत्पादन बढाउन उपयुक्त घाँसको अभाव ।
- किटनाशक औषधिको प्रयोगमा चेतनाको कमीले गर्दा सीधै पसलबाट किनेर लगाउने प्रबृत्ति बढेको।
- पशुपालनमा लाग्ने रोगको समयमा पहिचान तथा निराकरण नहुने ।
- प्राय सबै पशुपालन क्षेत्रहरुमा कच्चि बाटो भएको कारण समयमा उपचार सेवा दिन नसकिनु।

### ३.२.३. सोच

"स्वस्थ, उत्पादनशील तथा समृद्ध पशुपालनमार्फत कृषकको आय वृद्धि गर्दै आत्मनिर्भर र दिगो पशुपालन क्षेत्रको विकास गर्ने।"

### ३.२.४. उद्देश्य

- पशुपन्छी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।
- पशुपन्छी व्यवसायलाई उत्पादनमा आत्मनिर्भर बनाई नगर क्षेत्रबाट पशुजन्य पदार्थको निकासी प्रर्वद्धन र आयातको समेत प्रतिस्थापन गर्नु ।
- खाद्य तथा पोषण सुरक्षा कायम गर्न सहयोग गर्नु।
- पशुपन्छीजन्य उत्पादनको गुणस्तर र उत्पादकत्व सुधार गर्नु।
- ग्रामीण अर्थतन्त्र र स्थानीय रोजगारीमा योगदान पुर्‍याउनु।
- उन्नत जात, प्रविधि र वैज्ञानिक व्यवस्थापनको प्रयोग बढाउनु।
- पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर हुँदै बजार तथा निर्यात प्रवर्द्धन गर्नु।
- स्थानीय तथा रैथाने पशुपन्छी जातको संरक्षण र प्रवर्द्धन गर्नु।
- दिगो तथा पशु कल्याणमैत्री पशुपालन प्रणाली विकास गर्नु।

### ३.२.५. रणनीति

- व्यावसायिक पशुपन्छी पालन कार्यको प्रर्वद्धन गर्ने ।
- पशुजन्य कृषि उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गर्ने।
- पशु स्वास्थ्य तथा रोग नियन्त्रणका लागि नियमित खोप, उपचार र औषधि सेवा विस्तार गर्ने।
- आहार तथा घाँस विकासलाई प्राथमिकता दिई उत्पादन लागत घटाउने।
- दुग्ध, मासु तथा अन्य पशुजन्य उत्पादनको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- पशुपालनमा युवा तथा महिलाको सहभागिता बढाई रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्ने।
- निजी तथा सहकारी क्षेत्रसँग समन्वय गरी पशु सेवा प्रभावकारी र पहुँचयोग्य बनाउने।
- पशुपालनमा आधुनिक तथान्नत पशु नश्ल तथा गुणस्तरीय पशु उत्पादन प्रविधिको प्रवर्द्धन गर्ने।

- कृषकलाई आधुनिक पशुपालन, पोषण, व्यवस्थापन तथा रोग नियन्त्रण सम्बन्धी तालिम प्रदान गर्ने।
- पशु दिगो प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने।

### ३.२.६.नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य

आवधिक योजना र कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८३/८४ | २०८५/८६ |
| पशुमा लाग्ने रोगहरु विरुद्ध लगाईने खोपहरु (FMF,PPR,LSD&RABIES ) | संख्या | १०००० | १५००० | १८००० | २१००० | २३००० |
| सक्रिय व्यावसायिक पशु फार्म | संख्या | १५० | १९८ | २१० | २१५ | २३० |
| कृतिम गर्भाधान (गाई र भैंसि) | संख्या | २०५० | २१२५ | २३०० | २६०० | ३००० |
| सक्रिय एग्रोभेट | संख्या | १४ | १८ | २२ | २६ | ३१ |

### ३.२.७.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपन्छी विकास उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ६००० | ६००० | ० | ० | ६००० | ६००० | ० | ० | ० |
| २०८४/८५ | ६००० | ६००० | ० | ० | ६००० | ६००० | ० | ० | ० |
| २०८५/८६ | ६००० | ६००० | ० | ० | ६००० | ६००० | ० | ० | ० |

### ३.२.८.कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपन्छी विकास सम्वद्ध सालवसाली कार्यक्रम | पशुपन्छी विकास सम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | १८००० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

### ३.२.९. जोखिम पक्ष तथा अनुमान

नगरपालिका भित्र सञ्चालित पशुसम्वद्ध विकास आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन लगायत कार्यको लागि पर्याप्त दक्ष विज्ञ तथा कर्मचारीहरुको प्राप्ति हुने र अन्तर सरकार समन्वय भई समग्र कार्यक्रमको उपलब्धिका रुपमा लक्षित उपलब्धिहरु हासिल हुने अनुमान गरिएको छ । समन्वयात्मक रुपमा पर्याप्त साधन स्रोत तथा क्षमता एवम् प्रविधिको प्रभावकारी परिचालन हुन नसकेमा निर्धारित उद्देश्यहरु पूरा नहुने जोखिम रहेको छ ।

- पशुमा फैलिन सक्ने संक्रामक तथा महामारीजन्य रोगका कारण पशुधनमा क्षति हुन सक्ने।
- जलवायु परिवर्तन, खडेरी, बाढी तथा अन्य प्राकृतिक विपद्का कारण पशु आहार र स्वास्थ्यमा असर पर्न सक्ने।
- कृषकमा आधुनिक पशुपालन प्रविधि तथा रोग नियन्त्रणसम्बन्धी ज्ञानको कमी रहन सक्ने।
- बजेट, जनशक्ति तथा प्राविधिक स्रोतको सीमितताका कारण सेवा प्रवाहमा कठिनाइ आउन सक्ने।
- पशु नश्ल सुधार तथा उत्पादनमूलक कार्यक्रम अपेक्षित रूपमा प्रभावकारी नहुन सक्ने।
- रोगको समयमै पहिचान, सूचना तथा नियन्त्रण हुन नसकेमा पशुधन तथा कृषकको आर्थिक क्षति बढ्न सक्ने।
- पशुपालन व्यवसायमा बढ्दो लागत र बजारको अनिश्चितताका कारण कृषकको आकर्षण घट्न सक्ने।
- समन्वयात्मक रुपमा पर्याप्त साधन स्रोत तथा क्षमता एवम् प्रविधिको प्रभावकारी परिचालन हुन नसकेमा निर्धारित उद्देश्यहरु पूरा नहुने जोखिम रहेको छ ।

## ३.३. पर्यटन तथा संस्कृति

### ३.३.१. पृष्ठभूमि

ऐतिहासिक, सांस्कृतिक एवम् धार्मिक हिसाबले शंखरापुर नगरपालिकाको आफ्नै छुट्टै महत्व रहेको छ । पर्यटन प्रवर्द्धनको लागि आवश्यक सम्पदाहरु नगरपालिकामा यथेष्ट मात्रामा रहेका छन् । आवश्यकता अनुसार उपयुक्त भौतिक पूर्वाधारको विकास हुन नसक्नु, प्रचार प्रसारको कमी आदि कारणले गर्दा पर्यटन क्षेत्रको पर्याप्त विकास हुनसकेको छैन।

शंखरापुर नगरपालिकाको वस्तुगत विवरण, २०७५ अनुसार नगरपालिका भित्र होटेल, रिसोर्ट आदिको सङ्ख्या जम्मा ३६ रहेको देखिन्छ । धार्मिक कार्यको लागि माघ महिनामा लाग्ने १ महिना लामो स्वस्थानी व्रत तथा माधवनारायण मेलामा लाखौं धर्मावलम्बीहरु विभिन्न ठाँउहरुबाट मेला भर्न आउने गर्दछन्।

### ३.३.२. समस्या तथा चुनौती

स्रोतको अभावका कारण प्राचीन सांस्कृतिक सम्पदाको उचित संरक्षण र प्रवर्द्धन नहुनु, प्रचार प्रसारको कमी, पर्यटनसँग सम्बन्धित जनशक्तिको (अनुभवी तथा तालिम प्राप्त पथ प्रदर्शक, होटलमा काम

गर्ने लगायत) यथेष्ट विकास नहुनु, पर्यटन पूर्वाधार गुणस्तरीय नहुनु, पर्यटन विकासको लागि उपयुक्त नीतिको अभाव, स्थानीय उत्पादनको Branding र Networking को कमी जस्ता समस्या र चुनौती यस क्षेत्रमा रहेका छन् ।

### ३.३.३. सोच

पर्यटन सङ्ख्यामा वृद्धि नगरपालिकाको अर्थतन्त्रको समृद्धि ।

### ३.३.४. उद्देश्य

- आन्तरिक, बाह्य तथा छिमेकी पर्यटकहरु आकर्षित गर्नु ।
- पर्यटन क्षेत्रको विकासको लागि पूर्वाधारको विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- प्राचीन, ऐतिहासिक, पुरातात्विक सांस्कृतिक सम्पदाको संरक्षण गर्नु ।
- पर्यटकहरु आकर्षित गर्न नयाँ उत्पादनको विकास गर्नु ।
- पर्यटन क्षेत्रको विकासको लागि निजी क्षेत्रलाई आकर्षित गर्नु ।
- पर्यटन उद्योगको लागि आवश्यक जनशक्ति तयार गर्नु ।
- पर्यटन क्षेत्रको विकासको लागि नीति निर्माण गर्नु ।

### ३.३.५. रणनीति

- आन्तरिक, वाह्य तथा छिमेकी पर्यटकहरु आकर्षित गर्नु ।
- पर्यटन क्षेत्रको विकासको लागि पूर्वाधारको विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- प्राचीन, ऐतिहासिक, पुरातात्विक सांस्कृतिक सम्पदाको संरक्षण गर्नु ।
- पर्यटकहरु आकर्षित गर्न नयाँ प्रडक्ट विकास गर्नु ।
- पर्यटन क्षेत्रको विकासको लागि निजी क्षेत्रसँग सहकार्य गर्नु ।
- पर्यटन उद्योगको लागि आवश्यक जनशक्ति तयार गर्नु ।
- पर्यटन क्षेत्रको विकासको लागि नीति निर्माण गर्नु ।

### ३.३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८३/८४ | २०८५/८६ |
| स्थानीय स्तरका पर्यटकीय होटल | सङ्ख्या | ४९ | ६० | ६५ | ६८ | ७० |
| होम स्टे सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ |
| पर्यटकीय स्थल विकास | सङ्ख्या | २५ | २५ | २० | २० | २० |
| पर्यटक सूचना केन्द्र | सङ्ख्या | | | १ | १ | १ |

| नयाँ पदमार्ग निर्माण | सङ्ख्या | ४ | ४ | ५ | ५ | ५ |
|---|---|---|---|---|---|---|

### ३.३.७.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस पर्यटन तथा संस्कृति उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | ६७५५० | ५७७४० | ० | ० |
| २०८४/८५ | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | ६७५५० | ५७७४० | ० | ० |
| २०८५/८६ | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | ६७५५० | ५७७४० | ० | ० |

### ३.३.८.कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन तथा संस्कृति विकास सालवसाली कार्यक्रम | पर्यटन तथा संस्कृति विकाससम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ३७५८७० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

### ३.३.९.जोखिम पक्ष तथा अनुमान

अन्तर सरकारी समन्वय भई समग्र पर्यटकीय गन्तव्यहरुको विविधीकरण एवम् विकास र प्रर्वद्धन गर्ने कार्यमा निजी क्षेत्रको लगानी वृद्धि हुने अनुमान गरिएको छ । साथै पर्यटकीय पूर्वाधार तथा सबै प्रकारका मूर्त अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय समुदायको समेत सहभागिता कायम हुने र मूर्त एवम् अमूर्त सांस्कृतिक सम्पदाहरु मानव जगतको रुपमा स्थापित हुनेछ भन्ने अनुमान गरिएको छ ।

साथै पर्यटनको विकासमा समृद्ध सरकारी तथा गैरसरकारी संस्थाहरुको सहकार्य र पूर्वधारको विकासमा वित्तीय लगानीको अनुमान प्राप्त हुन नसकेमा उद्देश्य प्राप्ति नहुने जोखिम रहन्छ ।

## ३.४. भूमि, सहकारी, वित्त, उद्योग, व्यापार तथा आपूर्ति व्यवस्था

### ३.४.१.पृष्ठभूमि

स्थानीय आर्थिक विकासमा भूमि, सहकारी, वित्तीय संस्था, उद्योग, व्यापार तथा आपूर्ति क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। उत्पादन, रोजगारी सिर्जना, स्थानीय पुँजी परिचालन, उद्यमशीलता विकास

तथा नागरिकलाई आवश्यक वस्तु तथा सेवाको सहज आपूर्तिमा यी क्षेत्रहरू परस्पर सम्बन्धित रहेका छन्।

मुलुकभरमा सहकारी संस्थाहरूको सङ्ख्या ३१ हजार ३ सय ७३ र सहकारीमा आबद्ध सदस्यहरूको सङ्ख्या ७३ लाख ८१ हजार २१८ रहेको तथा यी संस्थाहरूको कुल शेयर पुँजी रु. ९४ अर्ब १५ करोड, कुल बचत परिचालन रु. ४ खर्ब ७८ अर्ब ३ करोड तथा कुल ऋण लगानी रु. ४ खर्ब २६ अर्ब ३५ करोड रहेको छ। यस क्षेत्रले ९३ हजार ७ सय ७१ जनालाई प्रत्यक्ष रोजगारी तथा लाखौंको सङ्ख्यामा अप्रत्यक्ष रोजगारी प्रदान गरेको छ।

मुलुकभर रहेका सहकारी संस्थामध्ये करिब एक तिहाइ अर्थात् १० हजार ४१८ सहकारी संस्था बागमती प्रदेशमा रहेका छन्। प्रदेशमा रहेका सहकारी संस्थाहरूको कुल शेयर पुँजी रु. ५१ अर्ब ४० करोड, बचत रु. २ खर्ब १५ अर्ब तथा ऋण प्रवाह रु. २ खर्ब रहेको छ। सहकारीमा आबद्ध कुल २७ लाख १७ हजार सदस्यहरूमध्ये आधाभन्दा बढी महिला रहेका छन्। यी सहकारी संस्थाहरूले ३३ हजार ८ सय ९२ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन्। जिल्लागत रूपमा सबैभन्दा बढी सहकारी काठमाडौंमा र सबैभन्दा कम रसुवा जिल्लामा रहेका छन्। (स्रोतः बागमती प्रदेशको दोस्रो आवधिक योजना, २०८१)।

शंखरापुर नगरपालिकामा विभिन्न बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले नेपाल सरकार तथा नगरपालिकाका प्रचलित नीति, कानुन तथा नियमको अधीनमा रही वित्तीय सेवा प्रवाह गरिरहेका छन्। नगरपालिकामा बचत तथा ऋण सहकारी ३० वटा, कृषि सहकारी २४ वटा, दुग्ध सहकारी १४ वटा, महिला बचत तथा ऋण सहकारी ५ वटा, बहुउद्देश्यीय सहकारी ४ वटा र अन्य ५ वटा गरी जम्मा ८२ वटा सहकारी संस्था रहेका छन्। यी सहकारी संस्थाहरूले मुख्यतः बचत सङ्कलन, ऋण लगानी, कृषि सामग्री वितरण, कृषि तथा पशुपालनसम्बन्धी गतिविधि लगायतका कार्य गर्दै आएका छन्।शंखरापुर नगरपालिकाको भित्र विभिन्न प्रकारका २२१९ वटा व्यवसायहरू दर्ता रहेको देखिन्छ।

नगरपालिकामा सञ्चालित उद्योग तथा व्यापारिक प्रतिष्ठानहरूले स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन योगदान पुऱ्याएका छन्। तथापि, बजारको व्यवस्थित विकास, व्यवसायको पूर्ण दर्ता तथा नवीकरण, वस्तु तथा सेवाको गुणस्तर, मूल्य नियन्त्रण, उपभोक्ता सचेतना तथा नियमित बजार अनुगमनका क्षेत्रमा थप सुधार आवश्यक रहेको छ।

### ३.४.२. समस्या तथा चुनौती

यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

- सहकारी शिक्षा, तालिम तथा वित्तीय साक्षरताको कमी हुनु।
- सहकारी संस्थामा दक्ष तथा सक्षम जनशक्तिको कमी हुनु।
- सबै सहकारी संस्थालाई प्रभावकारी रूपमा नीति, नियम तथा नियमनको दायरामा ल्याउन नसक्नु।

- धेरैजसो सहकारी संस्थाहरूको साधारण सभा समयमा सञ्चालन नहुनु तथा वार्षिक प्रतिवेदन समयमै नगरपालिकामा पेश नहुनु।
- ऋण लगानीमा तोकिएको भन्दा बढी ब्याज तथा सेवा शुल्क लिने प्रवृत्ति हुनु।
- शेयर सदस्य तथा वित्तीय कारोबारसम्बन्धी तथ्याङ्क चुस्त, दुरुस्त र अद्यावधिक नराखिनु।
- सहकारीको पुँजी उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा पर्याप्त रूपमा परिचालन हुन नसक्नु।
- सामूहिक तथा सहकारी खेती र उत्पादनको व्यावसायिक बजारीकरण पर्याप्त रूपमा विकास हुन नसक्नु।
- वित्तीय सुशासन, पारदर्शिता तथा जवाफदेहितामा सुधार आवश्यक हुनु।
- उद्योग तथा व्यवसायको मूल्यमा निरन्तर उतारचढाव भइरहनु।
- उत्पादित तथा बिक्री वितरण हुने वस्तुहरूको गुणस्तर कायम गर्न चुनौती हुनु।
- विद्यमान बजार अव्यवस्थित तथा छरिएर रहनु।
- सञ्चालनमा रहेका सबै व्यवसाय नगरपालिकामा पूर्ण रूपमा दर्ता तथा नवीकरण नहुनु।
- उपभोक्तामा वस्तुको मूल्य, गुणस्तर तथा उपभोग्य वस्तुको सुरक्षासम्बन्धी पर्याप्त चासो तथा सचेतना नहुनु।
- सम्बन्धित निकायबाट नियमित तथा प्रभावकारी बजार अनुगमन हुन नसक्नु।
- स्थानीय उत्पादनको बजार विस्तार तथा बजारीकरणमा समस्या हुनु।
- उत्पादन, व्यापार तथा आपूर्ति प्रणालीबीच प्रभावकारी समन्वय हुन नसक्नु।
- आवश्यक उपभोग्य वस्तुको सहज, नियमित तथा गुणस्तरीय आपूर्ति सुनिश्चित गर्न चुनौती हुनु।

### ३.४.३. दीर्घकालीन सोच

स्थानीय भूमि, पुँजी, श्रम तथा स्रोत—साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी सुदृढ, व्यवस्थित, आत्मनिर्भर तथा समावेशी स्थानीय अर्थतन्त्र निर्माण गर्ने।

### ३.४.४. उद्देश्य

- सहकारी तथा वित्तीय क्षेत्रलाई नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण संवाहकका रूपमा परिचालन गर्नु।
- स्थानीय पुँजी, भूमि तथा श्रमलाई उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन गर्नु।
- स्थानीय उत्पादन, उद्योग तथा व्यवसायको विकास तथा विस्तार गर्नु।
- व्यवस्थित, प्रतिस्पर्धी तथा उपभोक्तामैत्री बजार प्रणालीको विकास गर्नु।
- गुणस्तरीय तथा सुरक्षित उपभोग्य वस्तुको सहज र नियमित आपूर्ति सुनिश्चित गर्नु।
- व्यवसाय तथा सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नियमनलाई प्रभावकारी बनाउनु।

- उपभोक्ता अधिकार तथा वस्तु तथा सेवाको गुणस्तरसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु।

### ३.४.५. रणनीति

- सहकारी तथा वित्तीय क्षेत्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था सुदृढ गर्ने।
- सहकारी संस्था तथा व्यवसायहरूको दर्ता, नवीकरण, अभिलेख तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित र डिजिटल बनाउने।
- सहकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरी वित्तीय सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्ने।
- सहकारी संस्थालाई कृषि, पशुपालन, पर्यटन, घरेलु तथा साना उद्योग, उत्पादन तथा सेवामूलक व्यवसायमा लगानी गर्न प्रोत्साहित गर्ने।
- सामूहिक तथा सहकारी खेती, उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरणका लागि प्रोत्साहन गर्ने।
- स्थानीय उत्पादन तथा उद्यमलाई बजारसँग जोड्दै मूल्य शृङ्खला विकास गर्ने।
- उद्योग तथा व्यवसाय दर्ता तथा नवीकरणलाई सरल, सहज र प्रभावकारी बनाउने।
- बजारलाई व्यवस्थित गर्न आवश्यक पूर्वाधार तथा बजार व्यवस्थापन प्रणालीको विकास गर्ने।
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, म्याद तथा आपूर्ति अवस्थाको नियमित अनुगमन गर्ने।
- उपभोक्ता अधिकार, गुणस्तर तथा सुरक्षित उपभोगसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय उत्पादन तथा व्यवसायको प्रवर्द्धनका लागि मेला, प्रदर्शनी तथा बजारीकरण कार्यक्रम सञ्चालन गर्ने।
- उत्पादन तथा आपूर्ति प्रणालीलाई व्यवस्थित गर्दै आवश्यक उपभोग्य वस्तुको सहज, नियमित र गुणस्तरीय आपूर्ति सुनिश्चित गर्ने।
- उद्योग, व्यापार, सहकारी, वित्तीय संस्था तथा निजी क्षेत्रबीच समन्वय र सहकार्य बढाउने।
- स्थानीय स्रोत, सीप, प्रविधि तथा पुँजीको उपयोग गरी रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने।
- महिला, युवा, विपन्न तथा लक्षित वर्गलाई सहकारी, उद्यम तथा व्यवसायमा सहभागी हुन प्रोत्साहित गर्ने।

### ३.४.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाका आधारमा भूमि, सहकारी, वित्त, उद्योग, व्यापार तथा आपूर्ति व्यवस्था क्षेत्रको विकाससम्बन्धी नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार निर्धारण गरिनेछ।

| सूचक | एकाइ | २०८१/८२ को यथार्थ | २०८२/८३ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सार्वजनिक जमिन संरक्षण | प्रतिशत | १ | २ | ५ | ७ | १० |
| बैङ्क तथा वित्तीय संस्थामा खाता भएका परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

## ३.४.७.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि, सहकारी र वित्त व्यवस्था उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ३१०० | २६०० | ५०० | ० | ३१०० | ३१०० | ० | ० | ० |
| २०८४/८५ | ३१०० | २६०० | ५०० | ० | ३१०० | ३१०० | ० | ० | ० |
| २०८५/८६ | ३१०० | २६०० | ५०० | ० | ३१०० | ३१०० | ० | ० | ० |

## ३.४.८.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमि, सहकारी र वित्त व्यवस्था सम्बन्धी सालवसाली कार्यक्रम | भूमि, सहकारी र वित्त व्यवस्थासम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ९३०० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ३.४.९.जोखिम पक्ष तथा अनुमान

भूउपयोग योजनामा अन्तर सरकार समन्वय गर्दै अघि बढ्ने नगरपालिकाको उद्देश्य र रणनीति अनुसार निजी क्षेत्रका बैङ्क वित्तीय संस्था एवम् सहकारी क्षेत्र समेत व्यावसायिक समिति नभई प्रतिस्पर्धात्मक एवम् औचित्यपूर्ण हुने गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न आकर्षित र समान एवम् समतामूलक ढङ्गले लगानी वितरण गर्ने अनुमान गरिएको छ ।

सार्वजनिक, पर्ति र गुठी जग्गाको दुरुपयोग गर्ने प्रवृत्ति तत्काल नियन्त्रण गर्न नसकेमा भूमिको अतिक्रमण झन् तीव्र हुने अवस्था रहन्छ । त्यसैगरी सहकारी सम्बन्धी आवश्यक नीति, कानुन, कार्यविधि

तथा मापदण्डहरु तर्जुमा गरी संस्थाहरुको नियमन एवम् सुपरिवेक्षण गर्ने र संस्थागत सुशासन कायम गर्ने गराउने कार्य नहुने हो भने वित्तीय जोखिम भित्रिने अवस्था सिर्जना हुनसक्छ ।

## ३.५. श्रम, रोजगारी र गरिबी निवारण

### ३.५.१. पृष्ठभूमि

वि.सं. २०१३ साल देखि हालसम्म आवधिक विकास योजनाहरुमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्दाको रुपमा गरिबी निवारण रहेको छ । यसका लागि हालसम्म भएका प्रयासहरुले अपेक्षित नतिजा दिन सकेको छैन । दिगो विकास लक्ष्यको पहिलो प्राथमिकताको लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने उल्लेख गरिएको छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसङ्ख्याको पाँच प्रतिशतमा सीमित गर्ने रहेको छ । वि.स. २०७८ को जनगणना अनुसार यस नगरपालिकामा करिब १५ प्रतिशतले आफ्नो आम्दानीको पुरै साधारण दैनिक गुजारामा खर्चिने र थोरै प्रतिशतले मात्र आम्दानीको केही अंश लगानी तथा बचत गर्ने गरेका छन् ।अर्को तर्फ आफ्नो आम्दानीले तीन महिनामात्र खान पुग्ने घरधुरी सङ्ख्या समेत धेरै हुनुले यो नगरपालिकामा निरपेक्ष गरिबीको रेखामुनि रहेको घरपरिवार समेत उल्लेख्य रहेको स्पष्ट हुन्छ ।

### ३.५.२. समस्या र चुनौतीहरु

- वास्तविक गरिबको सङ्ख्या पहिचान हुन नसकेको
- बार्है महिना खान नपुग्ने परिवार सङ्ख्या उल्लेख्य रहेको
- सरकारको मूल कार्यक्रमहरूमा गरिब परिवारको वास्तविक पहुँच पुग्न नसकेको
- कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखी हुने गरेको
- शिक्षा र जनचेतनामा कमी रहेकोले गरिबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको
- युवाहरू अवसर नपाएर विदेश पलायन हुनु परेको
- विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रुपमा प्रभावकारी हुन नसकेको
- श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको
- रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको

### ३.५.३. सोच

गरिबीको रेखामुनि रहेका नागरिकहरुलाई आर्थिक समृद्धितर्फ उन्मुख गराउने ।

### ३.५.४. उद्देश्य

निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने ।

### ३.५.५. रणनीति

- गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्न ।

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| वैदेशिक रोजगारमा गएका युवा | प्रतिशत | - | ६ | १० | १२ | १५ |
| न्यूनतम १ जना औपारिक क्षेत्रको रोजगारी आवद्ध घरपरिवार | प्रतिशत | ५८.८६ | ६० | ६२ | ६४ | ६६ |

### ३.५.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगारी र गरिबी निवारण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १४५० | १४५० | ० | ० | १४५० | १४५० | ० | ० | ० |
| २०८४/८५ | १४५० | १४५० | ० | ० | १४५० | १४५० | ० | ० | ० |
| २०८५/८६ | १४५० | १४५० | ० | ० | १४५० | १४५० | ० | ० | ० |

### ३.५.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम | सीप प्रदान गर्दै रोजगारीमा बृद्धि गर्नु | २०८३/८४देखि २०८५/८६ | | रोजगारीमा बृद्धि हुने |
| २ | श्रम, रोजगारी र गरिवी निवारण सम्बन्धी सालवसाली कार्यक्रम | श्रम, रोजगारी र गरिवी निवारणसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

### ३.५.९.जोखिम पक्ष तथा अनुमान

रोजगारी सिर्जना र श्रम व्यवस्थापन अन्तर सरकारी समन्वय प्रभावकारी हुने, विद्यमान रोजगार सम्बन्धी कानुनहरुको प्रभावकारी कार्यान्वयन हुने, सामाजिक सम्वादको माध्यमबाट असल श्रम औद्योगिक सम्बन्ध विकास हुने, रोजगारी सिर्जनाका लागि विभिन्न प्रकृतिका लघु घरेलु उद्योगमा लगानी विस्तार हुने अनुमान गरिएको छ । वैदेशिक रोजगारलाई कम खर्चिलो सुरक्षित र लाभप्रद बनाउने कार्यका लागि सङ्घीय सरकारको समन्वयमा कुटनीतिक नियोग तथा अन्य माध्यमहरु प्रयोग गर्नुपर्ने र विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा प्रोत्साहनका लागि सङ्घीय सरकारले नै वित्तीय तथा मौद्रिक व्यवस्थापनका उपकरणहरुको उपयोग गर्नुपर्ने भएकाले सो कार्यमा सहजीकरण हुन नसकेमा उद्देश्य प्राप्तिमा जोखिम रहन्छ ।

# ४. परिच्छेद-४

# सामाजिक क्षेत्र

यस मध्यमकालीन खर्च संरचनाको प्रयोजनका लागि शिक्षा विज्ञान तथा प्रविधि स्वास्थ्य, खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, भाषा,कला, संस्कृति तथा साहित्य आदिलाई सामाजिक क्षेत्रको उपक्षेत्र अन्तर्गत समावेश गरिएको छ ।सामाजिक क्षेत्रको उपक्षेत्रहरुको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ४.१. शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.१.१. पृष्ठभूमि

शिक्षा आधुनिक समाज निर्माण, मर्यादित जीवन, सीप विकास तथा सम्मानजनक रोजगारीको महत्वपूर्ण आधार हो। नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको विकास, सञ्चालन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यसैअनुरूप शंखरापुर नगरपालिकाले शिक्षालाई समयसापेक्ष, गुणस्तरीय, प्राविधिक, सीपमूलक तथा व्यवहारिक बनाउन विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ।

शंखरापुर नगरपालिकामा ५ वर्ष भन्दा माथिको उमेर समूह का ७९.९ % जनसंख्या साक्षर छन् । महिला साक्षरता दर ७२.६ % छ भने पुरुष साक्षरता दर ८७.६ % छ । पालिकामा सोही उमेर समूह को २०.१ % जनसंख्या निरक्षर छन् । त्यसैगरी ५ वर्ष भन्दा माथिको जनसंख्या मध्ये ९३.६ % जनसंख्या पढ्न तथा लेख्न सक्ने छन् जसमा महिलाको संख्या ५१ % छ भने पुरुष ४९ % छ। लेख्न पढ्न दुवै नसक्ने जनसंख्या १९.९५ % रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

यस शंखरापुर नगरपालिकाको विद्यालय उमेर समूहका बालबालिकाहरुमध्ये ३-४ वर्ष उमेरका बालबालिकाहरु प्रारम्भिक बाल विकास र शिक्षामा सहजै भर्ना दर १४४.८८ प्रतिशत र खुद भर्ना दर ७६.५६ प्रतिशत रहेको छ । ५-९ वर्ष उमेरका बालबालिकाहरु आधारभूत तह (कक्षा १-५) मा सहजै भर्ना दर १४१.२ प्रतिशत र खुद भर्ना दर ९९.१० प्रतिशत, १०-१२ वर्ष उमेरका बालबालिकाहरु आधारभूत तह (कक्षा ६-८) मा सहजै भर्ना दर ११७.०३ प्रतिशत र खुद भर्ना दर ९८.०१ प्रतिशत, ५-१२ वर्ष उमेरका बालबालिकाहरु आधारभूत तह (कक्षा १-८) मा सहजै भर्ना दर १३७.४८ प्रतिशत र खुद भर्ना दर ९८.७ प्रतिशत, १३-१४ वर्ष उमेरका बालबालिकाहरु माध्यमिक तह (कक्षा ९-१०) मा सहजै भर्ना दर ९४.१ प्रतिशत र खुद भर्ना दर ७८ प्रतिशत र १५-१६ वर्ष उमेरका बालबालिकाहरु माध्यमिक तह (कक्षा ११-१२) मा सहजै भर्ना दर ५८.७ प्रतिशत र खुद भर्ना दर ४२.०१ प्रतिशत रहेको छ ।(स्रोतः शंनपा शिक्षा शाखा, २०८२ को शैक्षिक तथ्याङ्क) ।

शैक्षिक उपलव्धिको हिसावले शैक्षिक सत्र २०८२ कक्षा ५ र कक्षा ८ को उत्तीर्ण दर शत प्रतिशत रहेको थियो भने एस इ इ मा ९५.२ प्रतिशत बालबालिका उत्तीर्ण भएका छन् । कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये कक्षा ८ पुरा गर्ने दर ८८.७७ प्रतिशत, कक्षा १ मा भर्ना भएका

बालबालिकाहरुमध्ये कक्षा १० मा पुग्ने दर ७६.३१ प्रतिशत र कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये कक्षा १२ मा पुग्ने दर ३८.०७ प्रतिशत रहेको छ । (स्रोतः शंनपा शिक्षा शाखा, २०८२ को शैक्षिक तथ्याङ्क )

शंखरापुर नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ४१ वटा शिक्षण संस्थाहरु रहेका छन् । जसमध्ये सामुदायिक तर्फ आधारभूत तहका विद्यालयहरु ( १-३ कक्षा ) ५ वटा , आधारभूत तह (१- ५ कक्षा) ५ वटा , आधारभूत तह ( १- ८ कक्षा) ५ वटा र माध्यमिक तहका विद्यालय ( १-१० कक्षा) ३ वटा र ( १ — १२ कक्षा) ५ वटा रहेका छन् । यस नगरपालिकामा शैक्षिक गुठी अन्तर्गत २ वटा संस्थागत विद्यालय पनि सञ्चालनमा रहेका छन् *(स्रोतः शंखारापुर नगरपालिका शिक्षा शाखा, २०८२)।*

शिक्षण संस्थाको विवरण

| **स्वमित्वको प्रकार** | **जम्मा संख्या** | **माध्यमिक (१-१२)** | **माध्यमिक (१-१०)** | **आधारभूत (१-८)** | **आधारभूत (१-५)** | **आधारभूत (१-३)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक | २३ | ५ | ३ | ५ | ५ | ५ | शैक्षिक गुठी ४ (निजी - २ र सार्वजनिक — २) |
| संस्थागत | १८ | १ | ८ | १ | ४ | ४ | |
| **जम्मा** | ४१ | ६ | ११ | ६ | ९ | ९ | |

उच्च शिक्षा तर्फ : शिक्षण संस्थाको विवरण

| **क.सं** | **कलेज/क्याम्पसको नाम** | **वडा** | **संकाय** | **तह** | **मुख्य विषय** |
|---|---|---|---|---|---|
| १ | साँखु ( सक्व) क्याम्पस | ६ | व्यवस्थापन | स्नातक | बि.बि.एस |
| २ | भाग्योदय क्याम्पस | ६ | शिक्षा/ व्यवस्थापन | स्नातक | बि.बि.एस र बि.ए |

नगरपालिकामा प्राविधिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । शंखरापुर बहुप्राविधिक शिक्षालयमा इन्जिनियरिङ तर्फका विभिन्न ५ वटा कार्यक्रममा र सुषमा मेमेरियल नर्सिङ कलेजमा नर्सिङ कक्षा पठनपाठन भइरहेको छ ।

### ४.१.२. समस्या तथा चुनौती

यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्।

- विद्यालय तथा बालविकास केन्द्रका भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, चमेना गृह, सरसफाइ, खेलमैदान, घेराबारलगायतका भौतिक तथा आधारभूत पूर्वाधार पर्याप्त, सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी हुन नसक्नु।
- विद्यालय तथा बालविकास केन्द्रमा पुस्तकालय, विज्ञान प्रयोगशाला, शैक्षिक सामग्री, बालमैत्री फर्निचर तथा आवश्यक सिकाइ स्रोतको अभाव हुनु।
- विद्यार्थी सङ्ख्या र तहगत आवश्यकताअनुसार शिक्षक दरबन्दीको उचित वितरण हुन नसक्नु तथा विशेषगरी आधारभूत तह (६—८) र माध्यमिक तह (९—१२) मा विषयगत तथा दक्ष शिक्षकको अभाव हुनु।

- शिक्षक तथा प्रधानाध्यापकको पेशागत क्षमता विकास, सूचना प्रविधिसम्बन्धी ज्ञान, उत्प्रेरणा तथा प्रोत्साहन पर्याप्त नहुनु र तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई कक्षाकोठाको शिक्षण—सिकाइमा प्रभावकारी रूपमा प्रयोग गर्न नसक्नु।
- सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षण—सिकाइको गुणस्तरमा अपेक्षित एकरूपता कायम हुन नसक्नु तथा पाठ्यक्रममा आधारित, जीवनोपयोगी, प्रविधिमैत्री र सिर्जनशील शिक्षण विधिको पर्याप्त प्रयोग हुन नसक्नु।
- विद्यार्थीको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि अपेक्षाअनुसार हासिल हुन नसक्नु, नियमित उपस्थिति तथा अनुशासनमा अपेक्षित सुधार नहुनु र निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
- विद्यालय छोड्ने तथा विद्यालय बाहिर रहेका बालबालिकाको समस्या कायम रहनु र न्यून आय भएका परिवारका बालबालिकालाई निरन्तर पठनपाठनमा आबद्ध राख्न तथा आवश्यक सहयोग उपलब्ध गराउन कठिन हुनु।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार भए पनि कम्प्युटर, इन्टरनेट तथा डिजिटल शैक्षिक सामग्रीको नियमित र प्रभावकारी प्रयोग हुन नसक्नु तथा शिक्षक—विद्यार्थीको डिजिटल क्षमता पर्याप्त विकास हुन नसक्नु।
- शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा समुदायबीच नियमित अन्तरक्रिया, समन्वय र शैक्षिक गुणस्तरप्रतिको साझा उत्तरदायित्व पर्याप्त रूपमा विकास हुन नसक्नु तथा अभिभावकको विद्यालयप्रतिको अपनत्व र सहभागिता न्यून हुनु।
- विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रभावकारी हुन नसक्नु, कार्यसम्पादनका आधारमा पुरस्कार तथा दण्डको व्यवस्था कमजोर हुनु तथा विद्यालय व्यवस्थापन समिति, लेखा, जिन्सी र अन्य व्यवस्थापकीय प्रणाली व्यवस्थित हुन नसक्नु।
- विद्यालयको आन्तरिक आर्थिक स्रोत तथा पर्याप्त बजेटको अभाव हुनु र दिवा खाजा, शैक्षिक सामग्री, अतिरिक्त क्रियाकलाप तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत सुनिश्चित गर्न कठिन हुनु।
- प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको पहुँच तथा सहजकर्ताको क्षमता पर्याप्त नहुनु र स्थानीय स्तरमा प्राविधिक, व्यावसायिक, रोजगारमूलक तथा उच्च शिक्षाका पर्याप्त अवसर तथा सीपमूलक कार्यक्रमको अभाव हुनु।
- बढ्दो युवा जनशक्तिलाई रोजगारी, उद्यम, उत्पादन तथा सामाजिक विकासमा पर्याप्त रूपमा आबद्ध गर्न नसक्नु, युवा पलायन बढ्नु तथा युवाको सीप, ज्ञान, लगानी र क्षमताको स्थानीय स्तरमा पर्याप्त उपयोग हुन नसक्नु।
- खेलकुदका लागि आवश्यक पूर्वाधार, खेलमैदान, सामग्री, नियमित प्रशिक्षण तथा प्रोत्साहनको अभाव हुनु र खेलकुदमा व्यावसायिकता तथा निजी क्षेत्रलगायत सरोकारवालाको सहभागिता पर्याप्त नहुनु।

- नवप्रवर्तन, प्रविधि तथा सिर्जनशील उद्यमका लागि आवश्यक पूर्वाधार, सीप, लगानी तथा मार्गदर्शनको कमी हुनु र स्थानीय समस्या समाधान, रोजगारी सिर्जना तथा सेवा प्रवाहमा नवप्रवर्तन र प्रविधिको पर्याप्त उपयोग हुन नसक्नु।

### ४.१.३. सोच

गुणस्तरीय, प्राविधिक तथा व्यवहारिक शिक्षासँगै सिर्जनशील युवा, स्वस्थ नागरिक, सबल खेलकुद र नवप्रवर्तनमार्फत समृद्ध नगरपालिका निर्माण।

### ४.१.४. उद्देश्य

- सबै नागरिकका लागि गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षाको सुनिश्चितता गर्नु।
- प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्नु।
- शैक्षिक संस्थाहरूलाई आवश्यक भौतिक पूर्वाधार, प्रविधि तथा स्रोतसाधन सम्पन्न बनाउनु।
- युवाको सीप, क्षमता, सिर्जनशीलता तथा उद्यमशीलताको विकास गरी स्थानीय उत्पादन र रोजगारीमा आबद्ध गर्नु।
- युवा पलायन न्यूनीकरण गरी स्वदेश तथा स्थानीय स्तरमै रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्नु।
- खेलकुदमार्फत स्वस्थ, अनुशासित, सक्षम तथा सामाजिक रूपमा जिम्मेवार नागरिक तयार गर्नु।
- सबै वडामा खेलकुद पूर्वाधारको विकास तथा खेलकुदमा सहभागिता विस्तार गर्नु।
- नवप्रवर्तन, प्रविधि तथा सिर्जनशीलतालाई स्थानीय आर्थिक तथा सामाजिक विकाससँग आबद्ध गर्नु।
- शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रबीच सहकार्य अभिवृद्धि गर्नु।

### ४.१.५. रणनीति

- शिक्षाको गुणस्तर अभिवृद्धि गरी सबै वर्ग, क्षेत्र तथा समुदायको समान पहुँच सुनिश्चित गर्ने।
- विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सूचना प्रविधि तथा डिजिटल शिक्षण सामग्रीको व्यवस्था गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय आवश्यकता, रोजगारी तथा उत्पादनसँग जोड्ने।
- स्थानीय स्तरमा उच्च शिक्षा तथा रोजगारमूलक शिक्षा विस्तारका लागि सम्बन्धित निकाय तथा शैक्षिक संस्थासँग सहकार्य गर्ने।
- आजीवन सिकाइ तथा अनौपचारिक रूपमा हासिल गरेको सीप र अनुभवलाई औपचारिक शिक्षासँग समकक्षता प्रदान गर्न सहजीकरण गर्ने।
- शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता विकास, उत्प्रेरणा तथा पेशागत दक्षता अभिवृद्धि गर्ने।

- विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने।
- सामुदायिक सिकाइ केन्द्र तथा गैरऔपचारिक शिक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउने।
- युवालक्षित सीप विकास, उद्यमशीलता, स्वरोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।
- युवालाई विकास निर्माण, सामाजिक सेवा तथा स्वयंसेवामा समावेशी रूपमा परिचालन गर्ने।
- युवा उद्यमीलाई वित्तीय स्रोत, प्रविधि, बजार तथा आवश्यक परामर्शमा सहज पहुँच सुनिश्चित गर्न सहजीकरण गर्ने।
- स्थानीय तथा नगरस्तरीय खेलकुद प्रतियोगिता नियमित रूपमा सञ्चालन तथा प्रवर्द्धन गर्ने।
- "एक वडा, एक खेल मैदान" नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै खेलकुद पूर्वाधार विकास गर्ने।
- कभर्ड हल, खेलमैदान तथा आवश्यक खेलकुद सामग्रीको विकास र व्यवस्थापन गर्ने।
- प्रतिभावान् खेलाडीको पहिचान, प्रशिक्षण, प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
- खेलकुद विकासमा निजी क्षेत्र, विद्यालय, क्लब तथा अन्य सरोकारवालाको सहभागिता बढाउने।
- युवाको सिर्जनशीलता तथा प्राविधिक सीपलाई नवप्रवर्तन तथा स्थानीय समस्या समाधानमा उपयोग गर्ने।
- नवप्रवर्तन तथा स्टार्टअप प्रवर्द्धनका लागि तालिम, परामर्श, सहकार्य तथा आवश्यक पूर्वाधारको व्यवस्था गर्ने।
- नवीन सोच, प्रविधि तथा सिर्जनशील उद्यमलाई स्थानीय उत्पादन, रोजगारी तथा आर्थिक विकाससँग जोड्ने।
- शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तनसम्बन्धी कार्यक्रमको प्रभावकारी समन्वय तथा अनुगमन गर्ने।

### ४.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाका आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८३/८४ | २०८५/८६ |
| प्राविधिक शिक्षालय | सङ्ख्या | १ | १ | १ | १ | १ |
| शिक्षक तालिम कार्यक्रम | सङ्ख्या | ५ | ५ | ६ | ६ | ६ |
| दरवन्दी अनुसार शिक्षक पदपूर्तिको अवस्था | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| विद्यालयमा रहने औसत अवधि | दिन | २०५ | २१० | २२० | २२० | २२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नगरको ऐतिहासिक कला, संस्कृति, जात्रा, चाडपर्व, मूर्त सम्पदाहरु, ऐतिहासिक धरोहरहरुको अध्ययन, अनुसन्धान र अभिलेखिकरण (कार्य सम्पन्न अनुपात) | प्रतिशत | ० | ० | ५ | ६ | ६ |

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| युवा सञ्जाल | सङ्ख्या | ० | ० | ० | ५ | ९ |
| स्थानीयस्तरको खेलकुद मैदान | सङ्ख्या | ७ | ७ | ७ | ९ | ९ |
| कर्भड हल | सङ्ख्या | १ | १ | २ | २ | ४ |
| माध्यमिक विद्यालयमा खेलकुद सामाग्री | प्रतिशत | २० | ३० | ३५ | ४० | ५० |

### ४.१.७.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ४२१०१ | ३४६०१ | ७५०० | ० | ४२१०१ | ४२१०१ | ० | ० | ० |
| २०८४/८५ | ४२१०१ | ३४६०१ | ७५०० | ० | ४२१०१ | ४२१०१ | ० | ० | ० |
| २०८५/८६ | ४२१०१ | ३४६०१ | ७५०० | ० | ४२१०१ | ४२१०१ | ० | ० | ० |

### ४.१.८.कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शिक्षा, कला, भाषा र साहित्य सम्वद्ध सालवसाली कार्यक्रम | शिक्षा, कला, भाषा र साहित्य सम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | १२६३०३ | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ४.२. जनस्वास्थ्य र पोषण

### ४.२.१. पृष्ठभूमि

स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानमा पनि प्रत्येक नेपालीले आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क पाउने व्यवस्था गरेको छ । संविधानको व्यवस्थाअनुसार सरकारले आफ्ना स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रमा आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क गरेको छ ।

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवम् सरसफाइ स्वस्थ जीवनको लागि अपरिहार्य छ । स्वस्थ जीवनको लागि पोषणयुक्त खाद्यवस्तुको उपलब्धता हुनु आवश्यक हुन्छ । रासयनिक मलको प्रयोगले पनि स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादनमा चुनौती सिर्जना गरेको छ । यद्यपि नगरपालिकाका स्वास्थ्य सूचकहरु सुधारका क्रममा रहेका छन् । अधिकांश महिलाले स्वास्थ्य सेवा सुविधाको उपभोग गरेका छन् ।

शंखरापुर नगरपालिकामा जम्मा १० वटा स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । जसमध्ये १ अस्पताल, ५ स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ शहरी स्वास्थ्य सेवा केन्द्र रहेका छन् । यी स्वास्थ्य सेवा केन्द्रहरूले स्थानीयलाई बिरामी जाँच, पोषण सेवा, प्रसुति सेवा, गर्भवती जाँच, औषधी वितरण, ल्याब सेवा, खोप सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने तथा अन्य उपचारात्मक सेवाहरू प्रदान गर्दै आएका छन्। ज्येष्ठनागरिक तथा गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध छ । गम्भीर प्रकृतिका बिरामीहरूलाई सुविधा सम्पन्न अस्पतालमा लैजाने गर्छन् । *(स्रोतः स्थलगत अध्ययन, २०७९/८०)*

स्वास्थ्य क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र सेवामा एकरूपता कायम गर्न नसक्नु, जनस्वास्थ्यप्रति उतरदायी तथा पर्याप्त जनशक्ति विकास गर्न नसक्नु, स्वास्थ्य सेवामा लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकहरूको अभाव हुनु, कुपोषण, विश्वव्यापीकरणसँगै खानपान तथा जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक स्वास्थ्य समस्याहरू बढ्दै जानु प्रमुख समस्या हुन् । यसै गरी यस नगरपालिकामा रहेका स्वास्थ्य क्षेत्रका प्रमुख समस्याहरू निम्न प्रकारका छन् ।

### ४.२.२. समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र सेवामा एकरूपता कायम गर्न नसक्नु, जनस्वास्थ्यप्रति उतरदायी तथा पर्याप्त जनशक्ति विकास गर्न नसक्नु, स्वास्थ्य सेवामा लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकहरूको अभाव पर्याप्त दक्ष जनशक्तिको व्यवस्था हुन नसकेको, गाउँ घर क्लिनिक र खोप क्लिनिकको लागि राम्रो ठाँउ व्यवस्थापन नभएको, अस्पताल जन्य फोहर व्यवस्थापनमा कठिनाई, स्वास्थ्य संस्थाहरू सुरक्षित नभएको (तारबार पर्खाल नभएको), घरधुरी सर्वेक्षण नहुँदा लक्ष्य पुग्न कठीन, स्वास्थ्य सम्बन्धी जटिल समस्याका लागि नगरपालिका बाहिर जानुपर्ने अवस्था, आकस्मिक स्वास्थ्य समस्या

हुँदा भौगोलिक कठिनाई भएका क्षेत्रमा एम्बुलेन्स सेवाको पहुँचमा समस्या आदि स्वास्थ्य क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रूपमा उपलब्ध गराउनु, अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउनु, सङ्घीय प्रणाली अनुरूप स्वास्थ्य संस्थाको व्यवस्थापन गर्नु, स्वास्थ्य बिमालाई प्रभावकारी रूपमा कार्यान्वयन गराउनु, नाफामूलक स्वास्थ्य क्षेत्रलाई क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गरी स्वास्थ्य क्षेत्रलाई मानव स्वास्थ्य प्रति जिम्मेवार बनाउनु जस्ता कार्यहरू प्रमुख चुनौतीको रूपमा रहेका छन् । यस पालिकामा स्वास्थ्य सेवाको विकास तथा विस्तारमा सामाजिक मूल्य र मान्यता, स्वास्थ्य संस्था र सेवाको बारेमा बुझाइको कमी, तालिम प्राप्त जनशक्ति र स्रोतको समस्या चुनौतीको रूपमा रहेका छन् ।

### ४.२.३. सोच

सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवामा सहज पँहुच ।

### ४.२.४. लक्ष्य

स्वास्थ्य क्षेत्रको व्यवस्थित विकास गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

### ४.२.५. उद्देश्य

- नगरपालिकामा सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउनु ।
- स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।
- स्वास्थ्य सेवामा आवश्यक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गर्नु ।
- स्वास्थ्य सेवालाई सूचनामूलक तथा प्रविधिमैत्री बनाउनु ।
- स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्नु ।
- वैकल्पिक चिकित्साको माध्यमबाट स्वास्थ्य सेवा प्रवर्द्धन गर्नु ।
- महामारी, प्राकृतिक विपद् तथा स्वास्थ्य आपत्कालीन अवस्थाको सामना गर्न स्थानीय स्वास्थ्य प्रणालीको तयारी र क्षमता अभिवृद्धि गर्नु।
- स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम, पोषण, सरसफाइ तथा स्वस्थ जीवनशैली सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु

### ४.२.६. रणनीति

- सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाको पँहुच अभिवृद्धि तथा विस्तार गर्ने ।

- महिला ,बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यमा पहुँच विस्तार गर्ने।
- आवश्यक दक्ष स्वास्थ्यकर्मीहरू व्यवस्थापनका लागि प्रदेश तथा गैससरसँग सहकार्य तथा समन्वय गर्ने।
- स्वास्थ्य संस्थाहरूमा दक्ष स्वास्थ्यकर्मीहरूको नियमित उपस्थितिको व्यवस्था मिलाउने।
- प्रविधिमैत्री भौतिक पूर्वाधारहरू निर्माण तथा स्तरोन्नतिमा जोड दिने।
- स्थानीय स्तरमा नै गुणस्तरीय सेवा उपलब्ध गराउन आवश्यक उपकरणहरू व्यवस्थापन तथा सञ्चालन गर्नु।
- प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै पोषणयुक्त खानेकुराको बारेमा ज्ञान अभिवृद्धि गर्न
- आयुर्वेद, प्राकृतिक चिकित्साको विकास तथा विस्तार गर्ने।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा विपन्न परिवारलाई लक्षित सेवा। ।
- स्वास्थ्यकर्मी/महिला स्वास्थ्य स्वयंसेविकामार्फत घरघरमा स्वास्थ्य सचेतना।
- मातृ, नवजात तथा बाल स्वास्थ्यलाई प्राथमिकता।
- स्वास्थ्य बीमामा नागरिकको आबद्धता बढाउने।
- धूम्रपान, मदिरा तथा लागूपदार्थ नियन्त्रणसम्बन्धी कार्यक्रम।

### ४.२.७. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को यथार्थ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| पूर्ण खोप लिने बालबालिका | प्रतिशत | १७७ | ९६ | ९६ | १०० | १०० |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका दर | प्रतिशत | ११६ | १३० | ११४ | १०० | १०० |
| स्वास्थ्य संस्थामा प्रसुति हुने दर | प्रतिशत | २३ | १३ | १४ | २० | ३० |
| स्वास्थ्य बिमा गर्ने परिवार संख्या | संख्या | ० | १९७८ | १००० | १५०० | २००० |
| बाल कुपोषण दर | प्रतिशत | ० | १ | १ | १ | १ |

### ४.२.८. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस जनस्वास्थ्य र पोषण उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०८३/८४ | ४७९४० | ३६५९० | ११३५० | ० | ४७९४० | ४७९४० | ० | ० | ० |
| २०८४/८५ | ४७९४० | ३६५९० | ११३५० | ० | ४७९४० | ४७९४० | ० | ० | ० |
| २०८५/८६ | ४७९४० | ३६५९० | ११३५० | ० | ४७९४० | ४७९४० | ० | ० | ० |

### ४.२.९. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य र पोषणसम्वद्ध सालवसाली कार्यक्रम | जनस्वास्थ्य र पोषणसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | १४३८२० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

### ४.२.१०. जोखिम तथा अनुमान

- अनुमान गरिए अनुसार आन्तरिक श्रोत तथा सङ्घ, प्रदेशबाट प्राप्त हुने अनुदानको अनिश्चितता ।
- नयाँ नयाँ प्रकृतिका रोगको महामारी आउन सक्ने सम्भावना ।
- बढ्दो शहरीकरण तथा बसाइसराईका कारण सबै नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउन कठिनाई ।

## ४.३. खानेपानी तथा सरसफाइ

### ४.३.१. पृष्ठभूमि

यस नगरपालिकामा खानेपानीको प्रमुख स्रोतको रुपमा सार्वजनिक धारा प्रयोग गर्नेको सङ्ख्या सबैभन्दा बढी ४३.६ प्रतिशत रहेको छ । यो सङ्ख्या वि.सं २०७५ मा ७१.५२ प्रतिशत रहेको थियो । नगरपालिकामा ३४.२ प्रतिशत घरधुरीमा आफ्नो घर कम्पाउण्ड भित्र पाईप धारा रहेको छ । मुख्य रुपमा मुलको पानी प्रयोग गर्नेको घरधुरी सङ्ख्या १२.३ प्रतिशत, ढाकिएको ईनार कुवाको पानी प्रयोग गर्ने ४.७ प्रतिशत छ भने नढाकिएको ईनार/कुवाबाट खनेपानीको प्रयोग गर्नेको सङ्ख्या २.७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

जनगणना २०७८ अनुसार नगरपालिकामा सार्वजनिक ढलमा जोडिएको शौचालय प्रयोग गर्ने घरधुरीको सङ्ख्या १३.१% छ । त्यसैगरी सेप्टी ट्यांकी जडान भएको तथा पिट शौचालय प्रयोग गर्ने घरधुरी सङ्ख्या क्रमशः ५६.१% र २९.१% रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । यस पालिकामा सेप्टी ट्यांकी जडान भएको शौचालय वि.सं २०७५ बाट २०७८ मा ३०.२५% बाट बढेर ५६.१% र ढलमा जोडिएको शौचालय प्रयोग गर्नेको सङ्ख्या ७.८१% बाट बढेर १३.१% पुगेको छ ।

### ४.३.२. समस्या तथा चुनौती

- भौगोलिक विकटता ( घर घरको दुरी टाढा )
- आधुनिक यन्त्रको उपलब्धता नहुनु डिपवोरिङ गर्ने मेशिन नहुनु )
- अव्यवस्थित खानेपानी आपूर्ति प्रणाली

- रिजर्भ ट्याङ्की तथा वितरण ट्याङ्कीमा filtration र sedimentation को व्यवस्था नभएको
- व्यक्तिगत पाइप मार्फत सीधै स्रोतबाट पानी तान्ने प्रचलन बढी रहेको
- खानेपानी आपूर्ति सम्बन्धी व्यवस्थापन हेर्ने संस्थागत संरचनाको अभाव
- मर्मत सम्भार तथा व्यवस्थापनलाई कम प्राथमिकता ,
- पर्याप्त बजेटको व्यवस्थापन गर्न नसकिनु
- दक्ष जनशक्तिको अभाव
- भौगोलिक विकटताका कारण पानीको वितरण सहज नभएको
- बाढी, पहिरो, भुक्षयले खानेपानी वितरणका भौतिक संरचनाको क्षति

### ४.३.३. सोच

शुद्ध खानेपानीको पँहुच विस्तार

### ४.३.४. उद्देश्य

- नगरपालिकाका सबै घरधुरीमा स्वच्छ खानेपानी आपूर्ति गर्ने ।
- सरसफाइ व्यवस्थापन गर्ने ।

### ४.३.५. रणनीति

- स्वच्छ र सफा खानेपानीलाई सर्वसुलभ गर्ने
- खानेपानीको मुहान संरक्षण गर्ने
- पूर्ण सरसफाइ अभियान सञ्चालन गर्ने

### ४.३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२ को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सरसफाइ सम्बन्धी जनशक्ति तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ |
| खानेपानी स्रोतको संरक्षण र सरसफाइ | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ |
| मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय | सङ्ख्या | ३ | ३ | ३ | ५ | १० |
| सरसफाइ जनचेतना कार्यक्रम | सङ्ख्या | १ | २ | २ | २ | २ |
| | | | | | | |

### ४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस खानेपानी तथा सरसफाइ उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | २९०२० | १५३० | ० | ० |
| २०८४/८५ | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | २९०२० | १५३० | ० | ० |
| २०८५/८६ | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | २९०२० | १५३० | ० | ० |

### ४.३.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विभिन्न खानेपानी योजना तथा सरसफाइसम्वद्ध सालवसाली कार्यक्रम | खानेपानीको पँहुचमा बृद्धि गर्नु | २०८३/८४-२०८५/८६ | ९१६५० | खानेपानी प्राप्त गर्ने घरधुरीको सङ्ख्यामा बृद्धि |

## ४.४. सामाजिक समावेशीकरण र संरक्षण

### ४.४.१. पृष्ठभूमि

सामाजिक विकासका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकार अन्तर्गतको महत्वपूर्ण पक्ष हो । संविधानको प्रस्तावना नै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तमा आधारित छ । समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र हिंसा तथा सबै प्रकारका जातीय छुवाछुत एवम् विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्ने संकल्प गरिएको छ ।

नगरपालिकाको कुल जनसङ्ख्या मध्ये ५०.८% महिला रहेको यस नगरपालिकामा महिलाहरु राजनीतिक रुपमा पनि सक्रिय छन् । नगरपालिकामा उपप्रमुख सहित १७ जना महिला सदस्यहरु रहेका निर्वाचित छन् जुन कुल निर्वाचित सदस्यको ३५% हो । नगरपालिकामा २४.७% महिला घरमुली रहेका छन् । जुन सङ्ख्या वि.स २०६८ मा १८.१६% थियो । त्यसै गरी नगरपालिकामा महिलाहरु विभिन्न समूह, समिति र संस्थामा आवद्ध भई सामाजिक कार्यक्रम सञ्चालन गर्दै आएका छन् । विभिन्न बिकास निर्माणको लागि गठन हुने उपभोक्ता समितिहरुमा पनि महिलाहरुको उल्लेख्य सहभागिता रहेको छ ।

नगरपालिकामा महिलाहरु आमा समूह, महिला समूह जस्ता समूहमा आवद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संलग्न रहदै आएका छन् । नगरपालिकामा सञ्चालन हुने विभिन्न योजना, कार्यक्रम तथा

परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कामका लागि गठन हुने उपभोक्ता समितिमा पनि रहने व्यवस्थाका कारण महिलाको उपस्थिति राम्रो छ। पालिकाको विकास निर्माणका कार्यमा पनि महिलाको सक्रिय सहभागिता रहेको देखिन्छ।

दिगो विकासको लक्ष्यले निर्देश गरे अनुरुप बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित सार्वजनिक स्थलमा पहुँच, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसा अन्त्य जस्ता विषयलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.४.२. समस्या तथा चुनौती

आदिवासी, जनजाती, लैङ्गिक अल्पसंख्यक तथा दलित महिलाहरुको राजनैतिक, सामाजिक एवम् आर्थिक अवस्था विकास निर्माणका क्रियाकलाप साथै राजनैतिक सहभागिता अर्थपूर्ण नरहनु मुख्य समस्याको रुपमा देखिएको छ। साथै सिमान्तकृत तथा वञ्चितीकरणमा परेका समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउँदै हिंसामुक्त आर्थिक सम्पन्नताको अवस्था र सेवा सुविधामा लक्षित वर्गको अवस्थामा परिवर्तन गरी समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गराउनु पर्ने आवश्यकता महसुस गरी विभिन्न सचेतनामूलक कार्यक्रम, सीपमा महिलाहरुको दक्षता साथै विकास निर्माण कार्यमा सहभागिता गराउन आवश्यक देखिन्छ ।

### ४.४.३. सोच

“अधिकार र सहभागिता सहित लक्षित वर्गको हित, महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई समताको सुनिश्चित गर्नु।”

### ४.४.४. उद्देश्य

- सबै प्रकारका भौगोलिक जातीय, भाषिक, धार्मिक, साम्प्रदायिक, आर्थिक अवस्थाका बालबालिकालाई दबावरहित, बालमैत्री र भयरहित वातावरणमा शिक्षा हासिल गर्ने व्यवस्था मिलाउने ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गहरूको विकास, संरक्षण र सहभागिताको सुनिश्चित गर्ने ।
- पारिवारिक र सामाजिक निर्णय प्रक्रिया, स्रोत र सम्पत्तिमा महिलाको पहुँच अभिवृद्धि गर्दै जाने ।
- अपाङ्गता भएका व्यक्ति र महिलालाई रोजगारीको अवसर र आयआर्जनका क्षेत्रमा क्रमशः सबल बनाउँदै लैजाने ।
- ज्येष्ठनागरिकहरूलाई सम्मानजनक जीवन व्यतित गर्न सहज वातावरण सिर्जना गर्ने ।

### ४.४.५. रणनीति

- बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने ।

- आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने ।
- लैङ्गिक विभेदलाई बढावा दिने हानिकारक सामाजिक प्रचलनलाई निरूत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- लक्षित वर्गहरूको संरक्षण र सशक्तीकरण गर्ने ।
- ज्येष्ठ नागरिकलाई सम्मानित जीवन व्यतित गर्ने वातावरण सृजना गर्ने ।

### ४.४.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| लक्षित तथा पिछडिएका वर्गलाई क्षमता विकास तालिम | प्रतिशत | ३८.५७ | १७.२३ | ३४.४५ | ३८ | ३८ |
| अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा तालिम | सङ्ख्या | ० | ० | ० | ० | २५ |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | १७५ | ११७ | ४७ | १०० | १०० |
| बाल क्लव | सङ्ख्या | ९ | ४ | १७ | २३ | २८ |
| समूह/समिति, लैङ्गिक हिंसा निगरानी समूह गठन तथा परिचालन | वटा | ८० | ९१ | ९७ | १०३ | १०९ |
| ज्येष्ठ नागरिक परिचयपत्र वितरण | वटा | १७८१ | २०४३ | ३४५० | ३५०० | ३५५० |
| अपाङ्गता परिचयपत्र वितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

### ४.४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस सामाजिक समावेशीकरण र संरक्षण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १२७९० | १२७९० | ० | ० | १२७९० | ० | ० | १२७९० | ० |
| २०८४/८५ | १२७९० | १२७९० | ० | ० | १२७९० | ० | ० | १२७९० | ० |
| २०८५/८६ | १२७९० | १२७९० | ० | ० | १२७९० | ० | ० | १२७९० | ० |

### ४.४.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला, बालवालिका तथा सामाजिक समावेशीकरणसम्वद्ध सालवसाली कार्यक्रम | महिला, बालवालिका तथा सामाजिक समावेशीकरणसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ३८३७० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ४.५. सामाजिक सुरक्षा तथा पञ्जीकरण

### ४.५.१. पृष्ठभूमि

नेपालको संविधानले धारा ४३ मा उल्लेखित सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। जसअनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी स्पष्ट पारिएको छ। सो अन्तर्गतका नागरिकहरुलाई नेपाल सरकारले त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ। साथै नेपाल सरकारद्वारा विभिन्न सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू (जस्तैः स्वास्थ्य बिमा, विभिन्न प्रकारका रोगहरुको उपचार तथा औषधी सेवनको लागि मासिक रुपमा रकम वितरण आदि) सञ्चालन हुँदै आएका छन्। मुलुकको दिगो विकास तथा समावेशी विकासका लक्ष्यको नतिजा प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्नसक्छ। विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशिलामा टेकेर आवश्यक नीतिगत र नियमनकारी प्रारुप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तीय रुपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आजको आवश्यकता रहेको छ ।

### ४.५.२. समस्या र चुनौतीहरु

- भौगोलिक विकटताको कारण प्रत्येक वडाहरुमा बैकिङ्ग संस्थाहरुको पँहुच नहुनु।
- एकीकृत सूचना प्रणालीको व्यवस्था नहुदा दोहोरो सामाजिक सुरक्षा सुविधा नियन्त्रण/नियमन गर्न कठिनाई हुनु।
- आर्थिक रुपमा विपन्न परिवारका सदस्यहरुलाई छात्रवृत्तिको व्यवस्था गरी दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न नसक्नु ।

### ४.५.३. सोच

आधारभुत सामाजिक सुरक्षा तथा संरक्षणका सुविधामा सबै नागरिकको पहुँच।

### ४.५.४. उद्देश्य

- राज्यद्वारा असक्षम र असक्तलाई सहारा दिनु ।

- न्यून आय, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरूलाई प्राविधिक सिपको विस्तार गर्नु ।
- गर्भवती महिलाको संरक्षण, दिर्घ रोगीको लागी औषधीको व्यवस्थापन आदि कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नु ।
- कुनै आपत्कालिन अवस्था आईपरेमा Risk Visualization Map को आधारमा सामाजिक संरक्षण गर्नु ।

### ४.५.५. रणनीति

- सामाजिक सुरक्षा प्रणाली अन्तर्गत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयन गराउने ।
- न्यून आयका परिवार प्राविधिक शिक्षाको पहुँच पुऱ्याउनु ।
- स्वास्थ्य बिमा, एम्बुलेन्स, तथा शववाहन प्रभावकारी रूपमा सञ्चालन गर्नु ।
- आपतकालिन अवस्थामा प्रविधिको प्रयोग गर्नु ।

### ४.५.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| लक्षित वर्गका समुदायहरुको समाजिक सुरक्षामा आवद्धता अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| तोकिएको समय ३५ दिन भित्र नै घटना दर्ता र पञ्जिकरण गर्ने | प्रतिशत | १२.८१ | १५ | ५० | ६० | ८० |

### ४.५.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १३१३०० | १३१३०० | ० | ० | १३१३०० | ० | १३१३०० | ० | ० |
| २०८४/८५ | १४०००० | १४०००० | ० | ० | १४०००० | ० | १४०००० | ० | ० |
| २०८५/८६ | १४२५०० | १४२५०० | ० | ० | १४२५०० | ० | १४२५०० | ० | ० |

### ४.५.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा र पञ्जिकरणसम्वद्ध सालवसाली कार्यक्रम | सामाजिक सुरक्षा र पञ्जिकरणसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ४१३८०० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

# ५. परिच्छेद-५
# भौतिक पूर्वाधार

## ५.१. भवन, आवास, बस्ती तथा शहरी विकास

### ५.१.१. पृष्ठभूमि

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ अनुसार काठमाडौं महानगरपालिकाको तुलनामा अन्य शहरहरूको आधारभूत पूर्वाधार (जस्तै सडक, खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन, आवास र बिजुली) को पहुँचको स्तरमा निकै भिन्नता रहेको छ ।

निजी आवास परिवार आफैले जग्गा खरीद गरी क्रमिक रूपमा निर्माण गर्ने र बाटो, यसको स्तर र अन्य सुविधाहरू क्रमशः थप्दै जाने गरेको देखिन्छ । यस्ता आवासहरूमा योजना तथा भवनसम्बन्धी मापदण्ड र संहितामा व्यापक कमी हुने गरेको देखिन्छ ।

### ५.१.२. समस्या तथा चुनौती

- दक्ष जनशक्तिको कमी
- अनाधिकृत रूपमा जग्गा प्लटिङ
- स्रोत अभाव
- भौगोलिक कठिनाई
- प्राकृतिक प्रकोप (बाढी, पहिरो)

### ५.१.३. सोच

" सुन्दर, सुरक्षित, सर्वसुलभ र गुणस्तरीय आवास तथा वस्तीको व्यापकता, प्रविधिमैत्री आधारभूत पूर्वाधारयुक्त शंखरापुर निर्माणको सुनिश्चता"

### ५.१.४. उद्देश्य

- सुरक्षित र व्यवस्थित नगर निर्माण गर्नु ।
- सावर्जनिक जग्गाको लगत तयार गरी संरक्षण तथा व्यवस्थापन गर्नु ।
- हरेक टोल बस्तीमा पक्की सडकको पहुँच पुऱ्याउनु।
- सम्पदा बस्तीको संरक्षण तथा व्यवस्थापन गर्नु।
- विपद् उत्थानशिल भवन निर्माणका लागि प्रोत्साहन गर्नु।

### ५.१.५. रणनीति

- नगरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सुरक्षित पूर्वाधारको विकास गर्नु ।
- पूर्वाधार निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण गर्नु ।

- एकीकृत आवास तथा वस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत घर परिवारलाई उपयुक्त, सुरक्षित, वातावरणमैत्री र सुलभ आवास निर्माण तथा स्तरोन्नति गर्नु ।
- विपदको उच्च जोखिमयुक्त स्थानमा रहेका वस्ती विस्तारलाई निरुत्साहित गर्नु।
- सावर्जनिक जग्गाको लगत तयार गरी संरक्षण तथा व्यवस्थापन गर्नु ।

### ५.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| न्यूनतम आवश्यक पूर्वाधार सुविधा भएका घरधुरी | प्रतिशत | ८६ | ८७ | ८८ | ८९ | ९० |
| मुख्य बजार र शहरी बस्ति क्षेत्रमा ढल निकास व्यवस्थापन भएको क्षेत्र | प्रतिशत | ८१ | ८२ | ८३ | ८४ | ८५ |

### ५.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस भवन, आवास, बस्ती तथा शहरी विकास उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ९८५०० | १०००० | १०००० | ० |
| २०८४/८५ | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ९८५०० | १०००० | १०००० | ० |
| २०८५/८६ | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ९८५०० | १०००० | १०००० | ० |

### ५.१.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भवन, आवास, वस्ती तथा शहरी विकाससम्वद्ध सालवसाली कार्यक्रम | भवन, आवास, वस्ती तथा शहरी विकाससम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ३५५५०० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ५.२. सडक, पुल तथा यातायात

### ५.२.१. पृष्ठभूमि

काठमाडौं महानगरपालिका (दरबार स्क्वायर)बाट २७ कि.मि.को दूरीमा शंखरापुर नगरपालिका (बस पार्क) अवस्थित छ । शंखरापुर नगरपालिका भित्र २३०.५ कि.मि. सडक र बाटो रहेको छ जसमध्ये ३५.५ कि.मि. कालोपत्रे, ७० कि.मि. ग्रावेल र १२५ कि.मि. कच्ची रहेको छ । राष्ट्रिय सडक घनत्व ४७ कि.मि. / वर्ग कि.मि. छ भने काठमाडौं जिल्लामा सडक घनत्व ४.७२ कि.मि./ वर्ग कि.मि. र १०७८.२९ कि.मि. कुल सडक रहेको देखिन्छ (IUDP, २०७६) ।

नगरपालिकामा सडक निर्माण, स्तरोन्नति तथा मर्मत सम्भारको कार्य नियमित रुपमा हुँदै आइरहेको छ । पालिकामा आर्थिक वर्ष २०८२/८३ मा १ कि.मि सडक ग्राभेल, ११.८१४ कि.मि. सडक ढलान , २६२ मि. सडक ढुंगा सोलिंग गरिएको छ । त्यसैगरी २०१ मि. ईटा सोलिंग भएको छ भने २०७ मि. सिढी निर्माण गरिएको छ ।

एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकको नीति अनुसार साँखु —बज्रयोगिनी — लप्सेफेदी- चौकी भन्ज्याङ हुँदै धारापानी पटाप कुण्डेश्वर सडकको धारापानी - पटाप — कुण्डेश्वर खण्डको स्तरोन्नतिको कार्य अघि बढाएको छ।

नगरपालिकामा २ वटा बस पार्क रहनुका साथै विभिन्न स्थानहरुमा बस बिसौनीहरुको व्यवस्था गरिएको छ।

शंखरापुर नगरपालिकाबाट १५ कि.मि.को दूरीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अवस्थित छ । यस विमानस्थलबाट दैनिक आन्तरिक तथा अन्तराष्ट्रिय उडान हुने गर्दछन ।

### ५.२.२. समस्या तथा चुनौती

- मौसमी तथा धुले सडक
- क्रस ड्रेनेज, ग्याबियन पर्खाल, Masonary Wall, कल्भर्ट, पुल आदि जस्ता सहयोगी संरचनाहरूलाई कम प्राथमिकता दिइएको
- बाटो निर्माण मापदण्ड अनुसार नहुनु
- सडकको अधिकार क्षेत्र (Road Right of way) अतिक्रमण
- वर्षायाममा बाढी,पहिरोका कारण सडक क्षतिग्रस्त हुनु
- स्रोत अभावका कारण पर्याप्त बजेट विनियोजन हुन नसक्नु
- स्थानीय दबाबका कारण प्राविधिक सर्भेक्षण अनुसार सडक निर्माण नहुनु
- दक्ष जनशक्तिको कमी
- बाटोमा आइसकेको जग्गाको लगत कट्टा नभएको
- भौगोलिक कठिनाई (ठुला ठुला चट्टानहरू)
- पहिरो, भुक्षय नियन्त्रण गर्नु

- यातायात गुरु योजना अनुसार सडकको निर्माण गर्नु
- सडकको स्तरोन्नति गरी बाह्रै महिना यातायात सञ्चालन गर्नु

### ५.२.३. सोच

आधुनिक सडक तथा यातायात सेवाको विस्तार, सहज पँहुच तथा विकासको आधार

### ५.२.४. उद्देश्य

- टोल देखि टोलसम्म सडक सञ्जालको विस्तार गर्ने ।
- प्रमुख सडकहरुमा प्रतिक्षालय सहित बस बिसौनीको सुबिधा पुऱ्याउने ।

### ५.२.५. रणनीति

- सडक बिस्तार तथा स्तरोन्नति मार्फत व्यावसायिक क्रियाकलाप वृद्धि गर्ने
- नगरपालिका प्रशासनिक निकायसम्म पहुँच पुऱ्याउन वडा कार्यालय र वस्ती जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने ।
- सडक मर्मत तथा निर्माण कार्य गर्दा यातायात गूरूयोजना (MTMP) को निर्देशनलाई अवलम्बन गर्ने ।
- स्थानीयको आवत जावतलाई सहज गर्न यातायातको विस्तार गर्ने

### ५.२.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| पक्की पुल, कल्भर्ट | सङ्ख्या | ९ | ११ | १४ | १६ | १८ |
| रणनीतिक सडक सञ्जालमा जोडिएका टोल बस्ती अनुपात | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७० |

### ५.२.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस सडक, पुल तथा यातायात उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०५ | १९२६९५ | ६११० | ० | ० |
| २०८४/८५ | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०५ | १९२६९५ | ६११० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०८५/८६ | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०५ | १९२६९५ | ६११० | ० | ० |

### ५.२.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक, पुल तथा यातायातसम्वद्ध सालवसाली कार्यक्रम | सडक, पुल तथा यातायातसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ५९६४१५ | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ५.३. विद्युत तथा स्वच्छ ऊर्जा

### ५.३.१. पृष्ठभूमि

नेपालमा जलविद्युत विकासको यात्रा वि. सं १९६८ देखि सुरू भएको हो । आ. व २०७९/०८० सम्ममा नेपालमा कुल विद्युत उत्पादन(जडित क्षमता) २८७७ मेगावाट पुगेको छ । राष्ट्रिय विद्युत ग्रिडमा जनसङ्ख्याको पहुँच ९६.७ प्रतिशत छ । प्रति व्यक्ती विद्युत खपत ३८० किलोवाट घण्टा रहेको छ भने विद्युत चुहावट १३.४६ प्रतिशत रहेको छ। विद्युत प्रसारण लाइन(६६ के.भी. तथा सो भन्दामाथिका) ५७४२ सर्किट कि.मी. रहेको छ। ( स्रोत :सोह्रौं योजना)

नगरपालिकाका सबै वडाहरूमा राष्ट्रिय प्रसारण मार्फत विद्युत सेवा पुगेको छ तथापी ९८.७४ % ले दैनिक वत्ति बाल्नका लागि विद्युतको प्रयोग गर्दछन । वत्ति बाल्नकाका लागि सौर्य उर्जाको प्रयोग गर्नेको सङ्ख्या १.०४ % मात्र रहेको छ । (राष्ट्रिय जनगणना, २०७८)

वैकल्पिक उर्जाको रुपमा नगरपालिकाको वडा नं ४ मा शालिनदी साना जलाविद्युत योजना पनि सञ्चालन रहेको छ भने केही वडाहरुमा सोलारको प्रयोग पनि भईरहेको छ ।

### ५.३.२. समस्या तथा चुनौती

पालिकाका विभिन्न क्षेत्रमा ट्रान्सफर्मर क्षमता कमजोर रहेको, अव्यवस्थित पोल र तारहरू, विद्युत नियमित नहुने, ट्रान्सफर्मर क्षमता कम भएका कारणले विद्युतीय मेसिनरी प्रयोग गर्न समस्या, साना तथा लघु उद्यम सञ्चालनका लागि विद्युत क्षमता अपुग जस्ता प्रमुख समस्या रहेका छन् । पालिकाका सबै क्षेत्रमा पर्याप्त क्षमताको विद्युत पहुँच विस्तार गर्नु चुनौतिका रुपमा रहेको छ ।

### ५.३.३. सोंच

गुणस्तरीय विद्युतीकरण गरी विद्युत खपतमा वृद्धि गर्ने।

### ५.३.४. उद्देश्य

- राष्ट्रिय प्रसारण लाईनको सुदृढीकरण गरी उत्पादनशील क्षेत्रमा खपत गर्नु,

- वातावरण मैत्री वैकल्पिक उर्जाको पहुँच बढाई जिवनस्तरमा सुधार ल्याउनु,
- दक्ष जनशक्तिको उत्पादन तथा व्यवस्थापन गर्नु,

### ५.३.५. रणनीति

- नगरपालिकामा विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउने ।
- उत्पादनशील क्षेत्रमा विद्युत उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- वैकल्पिक उर्जाको उत्पादन तथा प्रवर्द्धन गर्ने ।
- स्वच्छ तथा दिगो उर्जाको प्रयोगलाई बढावा दिने ।
- विभिन्न प्राविधिक तालिम सञ्चालन गर्ने ।

### ५.३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| खाना पकाउन काठ दाउराको प्रयोग | प्रतिशत | ० | ० | ० | ० | ० |

### ५.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १००० | ० | १००० | ० | १००० | १००० | ० | ० | ० |
| २०८४/८५ | १००० | ० | १००० | ० | १००० | १००० | ० | ० | ० |
| २०८५/८६ | १००० | ० | १००० | ० | १००० | १००० | ० | ० | ० |

### ५.३.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | विद्युत तथा स्वच्छ उर्जा सालवसाली कार्यक्रम | विद्युत तथा स्वच्छ उर्जा कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ३००० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ५.४. सूचना र सञ्चार प्रविधि

### ५.४.१. पृष्ठभूमि

नगरपालिकाका सबै क्षेत्रमा मोवाइल सेवाको पहुँच छ । यहाँ नेपाल टेलिकम र एनसेलले मोवाईल सेवा उपलब्ध गराएका छन् । करिब ९० % जनसङ्ख्यामा ईन्टरनेटको पहुँच रहेको छ ।पालिकाका सरकारी कार्यालय जस्तै नगरपालिका कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीमा तथा अस्पतालमा ईन्टरनेटको सुबिधा विस्तार भएको छ । नगरपालिकाले आफ्नो वेबसाइट मार्फत आफ्ना सूचनाहरु जस्तै वार्षिक नीति तथा कार्यक्रम, ऐन तथा कानुनहरु सार्वजनिक गर्ने गरेको छ ।त्यसैगरी राजस्व संङ्कलन तथा घटना दर्ता जस्ता कार्यलाई अनलाईन प्रणाली मार्फत प्रविष्ट गरी सूचना राख्ने गरेको छ ।

### ५.४.२. समस्या तथा चुनौती

पालिकाको केहि स्थानमा नेटवर्क राम्रो नभएको, पत्रपत्रिकाको पहुँच कम भएको, ईन्टरनेट सेवा सबै क्षेत्रमा विस्तार भईनसकेको, ईन्टरनेट सेवाको शिक्षा, स्वास्थ्य, तथा सार्वजनिक सेवा प्रवाहमा यथेष्ट सदुपयोग गर्न नसकेको यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ५.४.३. सोंच

सूचना, सञ्चार तथा प्रविधिको समुचित विस्तार प्रविधिमैत्री शंखरापुरको आधार

### ५.४.४. उद्देश्य

समग्र नगरपालिकामा सूचना, सञ्चार तथा प्रविधिको सहज तथा सर्वसुलभ पँहुच पुऱ्याउनु ।

### ५.४.५. रणनीति

नगरपालिकामा सूचना प्रवाह तथा सञ्चार प्रविधि सेवाहरूलाई सरल र सुलभ बनाउने ।

### ५.४.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| डिजिटल सूचना प्रविधिको प्रयोग गर्ने घरधूरी | प्रतिशत | ८० | ८५ | ८७ | ९० | ९० |

### ५.४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १३५०० | १०००० | ३५०० | ० | १३५०० | १३५०० | ० | ० | ० |
| २०८४/८५ | १३५०० | १०००० | ३५०० | ० | १३५०० | १३५०० | ० | ० | ० |
| २०८५/८६ | १३५०० | १०००० | ३५०० | ० | १३५०० | १३५०० | ० | ० | ० |

### ५.४.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना र सञ्चार प्रविधिसम्वद्ध सालवसाली कार्यक्रम | सूचना र सञ्चार प्रविधिसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ४०५०० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

# ६. परिच्छेद — ६
# वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन

## ६.१. वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन

### ६.१.१. पृष्ठभूमि

शंखरापुर नगरपालिका प्राकृतिक स्रोत(जलश्रोत, वन), जैविक तथा भौगोलिक विविधताका दृष्टिले महत्वपूर्ण नगरपालिका हो। नगरपालिकामा जम्मा ३७ वटा सामुदायिक वन रहेका छन्, जसले १,५४९.९ हेक्टर वन क्षेत्र ओगटेको छ। नगरपालिकाको वडा नं. २, ४ र ८ को केही भाग शिवपुरी—नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्दछ। सामुदायिक वनहरू स्थानीय वन उपभोक्ता समूहद्वारा संरक्षण तथा व्यवस्थापन हुँदै आएका छन्। यी समूहहरूले वृक्षारोपण तथा वन संरक्षणका साथै घाँस, दाउरा, काठ, स्याउला, पत्कर, जडीबुटी, चरिचरन लगायतका वन पैदावारको उपयोग गर्दै आएका छन्। त्यसैगरी नगरपालिकामा १२ वटा चरन क्षेत्र रहेका छन्, विशेषगरी वडा नं. १,२,३,४,५ र ८ मा यस्ता क्षेत्र रहेका छन्। मौसमी तथा भौगोलिक विविधताका कारण शंखरापुर नगरपालिका जैविक विविधताको दृष्टिले समेत समृद्ध रहेको पाइन्छ।

नगरपालिकाको कुल भूभागको करिब ३९.२८ प्रतिशत भूमि वन तथा झाडी क्षेत्रले ढाकेको छ। स्वच्छ तथा स्वस्थ वातावरण मानव स्वास्थ्य, जीवनस्तर तथा दिगो विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुँदा वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन स्थानीय विकासको महत्वपूर्ण आधार हो। नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य आवश्यक रहेको छ।

ग्रामीण तथा शहरी दुवै परिवेश रहेको यस नगरपालिकाका बजार क्षेत्रमा फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ। नगरपालिकाले शहरी क्षेत्रमा फोहोरमैला व्यवस्थापन Public Private Partnership (PPP) मोडेलबाट गर्दै आएको छ र अन्य वडाहरूमा समेत विस्तार गर्ने योजना रहेको छ। फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा प्रदूषण नियन्त्रणलाई एकीकृत रूपमा अगाडि बढाउन आवश्यक रहेको छ।

शंखरापुर नगरपालिका भौगोलिक तथा प्राकृतिक अवस्थाका कारण विभिन्न विपद्को जोखिममा समेत रहेको छ। अव्यवस्थित विकास निर्माण, अस्थिर भिरालो जमिन तथा प्राकृतिक स्रोतको अनियन्त्रित उपयोगका कारण बाढी, पहिरो तथा आगलागीजस्ता विपद्को जोखिम रहेको छ। जोखिम न्यूनीकरणका लागि सडक छेउमा ग्याबिन वाल निर्माण, सामुदायिक वनमा अग्निरेखा निर्माण, सुकेका काठ तथा पत्कर सफा गर्ने, वृक्षारोपण तथा नदी नियन्त्रणजस्ता प्रयासहरू हुँदै आएका छन्।

जलवायु परिवर्तनको प्रभावसमेत नगरपालिकामा प्रत्यक्ष रूपमा देखिन थालेको छ। बेमौसमी वर्षा, असिना, बालीनाली पाक्ने तथा फूल फुल्ने समयमा परिवर्तन, पानीका मूल सुक्दै जानु, नयाँ प्रजातिका

फलफूल देखिनु, स्थानीय तथा रैथाने बीउबिजन लोप हुँदै जानु तथा कृषि र पशुपालनमा नयाँ रोग तथा समस्या देखिनु जलवायु परिवर्तनका प्रमुख प्रभावका रूपमा देखिएका छन्। यस अवस्थामा प्राकृतिक स्रोत संरक्षण, वातावरणीय सन्तुलन, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनलाई स्थानीय विकास योजनाको अभिन्न अङ्गका रूपमा अगाडि बढाउन आवश्यक छ।

### ६.१.२. समस्या तथा चुनौती

यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

- वन फँडानी, अतिक्रमण तथा वन पैदावारको अनियन्त्रित चोरी निकासी हुनु।
- वनको उचित व्यवस्थापनको अभावमा वनबाट प्राप्त सामाजिक, आर्थिक तथा वातावरणीय लाभको पर्याप्त उपयोग हुन नसक्नु।
- अनावश्यक झाडी फैलिँदा काष्ठजन्य तथा अन्य उपयोगी वनस्पति नष्ट हुँदै जानु।
- सल्लाको अत्यधिक विस्तार भएका क्षेत्रमा पानीका मूल सुक्ने तथा जैविक विविधतामा असर पर्ने अवस्था देखिनु।
- प्राविधिक तथा वातावरणीय अध्ययनबिना जथाभावी सडक तथा अन्य भौतिक संरचना निर्माण हुनु।
- अव्यवस्थित विकास तथा मानवीय गतिविधिका कारण भूक्षय, पहिरो तथा बाढीको जोखिम बढ्दै जानु।
- वातावरण व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणको एकीकृत र योजनाबद्ध विकास हुन नसक्नु।
- अव्यवस्थित शहरीकरण तथा भौतिक पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्न चुनौती हुनु।
- विकास निर्माणमा वातावरणीय अध्ययन तथा वातावरणीय व्यवस्थापनलाई पर्याप्त प्राथमिकता नदिनु।
- कृषि क्षेत्रमा रासायनिक मल तथा विषादीको अत्यधिक वा असुरक्षित प्रयोगको जोखिम हुनु।
- वातावरण संरक्षणसम्बन्धी जनचेतना तथा नागरिक सहभागिता पर्याप्त नहुनु।
- प्लास्टिकजन्य फोहोरको व्यापक प्रयोग तथा व्यवस्थापनमा कठिनाइ हुनु।
- ठोस फोहोरमैला व्यवस्थापनका लागि पर्याप्त पूर्वाधार तथा स्पष्ट कार्यप्रणालीको अभाव हुनु।
- फोहोर सङ्कलन, वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रणको अभ्यास पर्याप्त रूपमा विकास हुन नसक्नु।
- ल्यान्डफिल साइट तथा फोहोर सङ्कलन केन्द्रको उचित व्यवस्थापनमा चुनौती हुनु।
- वायु, ध्वनि तथा जल प्रदूषण नियन्त्रणमा थप प्रभावकारी व्यवस्था आवश्यक हुनु।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि दीर्घकालीन तथा एकीकृत कार्ययोजनाको कमी हुनु।

- विपद् तथा जलवायु परिवर्तनसम्बन्धी सूचना, तथ्याङ्क तथा जोखिम नक्साङ्कन पर्याप्त नहुनु।
- विपद् पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य तथा पुनःस्थापनाका लागि पर्याप्त स्रोत तथा साधनको कमी हुनु।
- प्राकृतिक स्रोतको अत्यधिक दोहन तथा अनियन्त्रित मानवीय गतिविधि नियन्त्रण गर्न चुनौती हुनु।
- जलवायु परिवर्तनका कारण कृषि, पशुपालन, पानीका स्रोत तथा स्थानीय जैविक विविधतामा परेको प्रभाव न्यूनीकरण गर्न कठिनाइ हुनु।
- संघ, प्रदेश, स्थानीय तह, समुदाय तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय तथा सहकार्यको कमी हुनु।

### ६.१.३. सोच

"दिगो प्राकृतिक स्रोत, स्वच्छ वातावरण, सुरक्षित समुदाय र जलवायु अनुकूलित शंखरापुर नगरपालिका"

### ६.१.४. उद्देश्य

- वन, प्राकृतिक स्रोत तथा जैविक विविधताको दिगो संरक्षण, व्यवस्थापन तथा उपयोग गर्नु।
- भूक्षय, पहिरो तथा अन्य वातावरणीय जोखिम न्यूनीकरण गरी भूसंरक्षण गर्नु।
- स्वच्छ, स्वस्थ तथा प्रदूषणमुक्त वातावरण कायम गर्नु।
- फोहोरमैलाको दिगो, व्यवस्थित तथा वैज्ञानिक व्यवस्थापन गर्नु।
- प्राकृतिक तथा मानव सिर्जित विपद्को जोखिम न्यूनीकरण तथा प्रभावकारी व्यवस्थापन गर्नु।
- जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन क्षमता अभिवृद्धि गर्नु।
- स्थानीय समुदायलाई वातावरण, वन संरक्षण तथा विपद् व्यवस्थापनमा सक्रिय रूपमा सहभागी गराउनु।

### ६.१.५. रणनीति

- वन तथा प्राकृतिक स्रोतको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने।
- सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गरी वन संरक्षणमा स्थानीय सहभागिता बढाउने।
- वन तथा जैविक विविधतालाई स्थानीय आयआर्जन, पर्यटन तथा रोजगारीसँग आबद्ध गर्ने।
- वन क्षेत्रको अतिक्रमण, अवैध कटानी तथा चोरी निकासी नियन्त्रण गर्ने।
- भूक्षय तथा पहिरो जोखिम भएका क्षेत्रमा वृक्षारोपण, जैविक संरक्षण तथा आवश्यक भूसंरक्षण संरचना निर्माण गर्ने।
- विकास निर्माणका कार्यमा वातावरणीय अध्ययन तथा वातावरणीय व्यवस्थापनलाई अनिवार्य रूपमा प्राथमिकता दिने।

- नगरपालिकामा हरियाली प्रवर्द्धन तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।
- वायु, ध्वनि तथा जल प्रदूषण नियन्त्रणका लागि आवश्यक मापदण्ड, अनुगमन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- ठोस फोहोरमैला व्यवस्थापनमा ४R (Reduce, Reuse, Recycle and Recover) को अवधारणा अवलम्बन गर्ने।
- फोहोरको स्रोतमा वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रणलाई प्रोत्साहन गर्ने।
- फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र, विद्यालय, स्वास्थ्य संस्था, समुदाय तथा अन्य सरोकारवालासँग सहकार्य गर्ने।
- फोहोर सङ्कलन केन्द्र तथा व्यवस्थापनका लागि उपयुक्त स्थानको पहिचान तथा विकास गर्ने।
- प्लास्टिकजन्य फोहोरको प्रयोग न्यूनीकरण तथा वैकल्पिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने।
- विपद् व्यवस्थापनका लागि आवश्यक कानुनी तथा संस्थागत संरचना सुदृढ गर्ने।
- विपद्को जोखिम पहिचान, नक्साङ्कन, पूर्वानुमान, पूर्वसूचना तथा नियमित अनुगमन प्रणाली विकास गर्ने।
- विपद् पूर्वतयारी, खोज तथा उद्धार, प्रतिकार्य, राहत तथा पुनःस्थापनाका लागि आवश्यक स्रोत, साधन तथा जनशक्तिको व्यवस्था गर्ने।
- विपद् व्यवस्थापनमा स्थानीय समुदाय, स्वयंसेवक, सुरक्षा निकाय, निजी क्षेत्र तथा अन्य सरोकारवालाको सहभागिता बढाउने।
- जलवायु परिवर्तनका प्रभाव तथा अनुकूलन उपायसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।
- जलवायु परिवर्तनका मुद्दालाई कृषि, वन, पूर्वाधार, स्वास्थ्य, खानेपानी तथा अन्य विकास क्षेत्रमा मूलप्रवाहीकरण गर्ने।
- पानीका मूल तथा जलाधार क्षेत्रको संरक्षण गरी जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने।
- स्थानीय तथा रैथाने प्रजाति, बीउबिजन तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने।
- विपद् तथा जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क, सूचना तथा अभिलेखलाई व्यवस्थित र अद्यावधिक गर्ने।

### ६.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाका आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| फोहोर नियमित व्यवस्थापनमा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३० | ४० | ५० | ६० | ७५ |
| विपद् पूर्वतयारी तथा जनचेतना कार्यक्रम | सङ्ख्या | २ | ३ | ५ | ७ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रम | वटा | २ | ४ | ५ | ७ | १० |
| फोहोर वर्गीकरण तथा पुन:प्रयोग/पुनर्चक्रण कार्यक्रम | सङ्ख्या | ० | २ | ३ | ५ | ७ |
| जलवायु अनुकूलन तथा उत्थानशीलता कार्यक्रम | सङ्ख्या | ० | २ | ५ | ७ | १० |
| सामुदायिक वन तथा वातावरण संरक्षणमा परिचालित समूह | वटा | ४० | ४५ | ५० | ५५ | ६० |

### ६.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाका आधारमा यस वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार निर्धारण गरिनेछ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १५९०० | २४०० | १३५०० | ० | १५९०० | १५९०० | ० | ० | ० |
| २०८४/८५ | १५९०० | २४०० | १३५०० | ० | १५९०० | १५९०० | ० | ० | ० |
| २०८५/८६ | १५९०० | २४०० | १३५०० | ० | १५९०० | १५९०० | ० | ० | ० |

### ६.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापनसम्बन्धि सालवसाली कार्यक्रम | वातावरण तथा फोहर व्यवस्थापनसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ४७७०० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

# ७. परिच्छेद — ७
# संस्थागत विकास र सुशासन

## ७.१. संस्थागत क्षमता तथा सुशासन

### ७.१.१. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई स्वायत्त सरकारका रूपमा अधिकार सम्पन्न बनाउँदै स्थानीय अधिकार क्षेत्रका विवाद निरुपण तथा मेलमिलापका लागि न्यायिक समितिको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४७ ले न्यायिक समितिले निरुपण वा मेलमिलापका माध्यमबाट समाधान गर्न सक्ने विभिन्न प्रकृतिका विवादलाई व्यवस्था गरेको छ। समाजमा देखिएका विवादहरूलाई संवाद, मेलमिलाप तथा कानुनी प्रक्रियाका माध्यमबाट समाधान गरी दिगो शान्ति स्थापना गर्नु न्यायिक समितिको महत्वपूर्ण जिम्मेवारी हो। "ढिला न्याय दिनु भनेको न्याय नदिनु सरह हो" भन्ने मान्यतालाई आत्मसात् गर्दै न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी, निष्पक्ष, पारदर्शी तथा पहुँचयोग्य बनाउनु आवश्यक छ।

शंखरापुर नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र आवश्यकता र स्थानीय आवश्यकता अनुसार विभिन्न ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरू निर्माण गरी सोही कानुनी आधारमा सेवा तथा विकाससम्बन्धी कार्यहरू सञ्चालन गर्दै आएको छ। स्थानीय शासनलाई प्रभावकारी, पारदर्शी, जवाफदेही तथा परिणाममुखी बनाउन नीतिगत तथा कानुनी आधारको निरन्तर विकास तथा संस्थागत क्षमता अभिवृद्धि आवश्यक रहेको छ।

समाजमा हुने अपराध तथा सामाजिक असुरक्षाका घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा तथा अमनचयन कायम गर्नु आवश्यक हुन्छ। नगरपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. ६ मा प्रहरी प्रभाग, वडा नं. ३ जहरसिंपौवामा प्रहरी बिट, वडा नं. १ नाङ्गेभारेमा प्रहरी चौकी तथा वडा नं. ९ मा अस्थायी प्रहरी बिट रहेको छ। नगर प्रहरीको परिचालन तथा सम्बन्धित सुरक्षा निकायसँगको समन्वयबाट स्थानीय शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न आवश्यक पहल हुँदै आएको छ।

कुनै पनि संस्थाको दिगो विकासका लागि संस्थागत क्षमता, सक्षम जनशक्ति तथा प्रभावकारी कार्यप्रणाली आवश्यक हुन्छ। नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारको प्रभावकारी कार्यान्वयनका लागि संगठनात्मक संरचना, जनशक्ति व्यवस्थापन, कार्यविभाजन, जिम्मेवारी तथा कार्यसम्पादन प्रणालीलाई व्यवस्थित बनाउन आवश्यक छ। सक्षम तथा दक्ष जनशक्ति, समूहगत कार्य, कार्यसम्पादनको उचित मूल्याङ्कन, संस्थागत स्मृति, नवप्रवर्तन तथा उत्कृष्ट कार्यको प्रोत्साहनबाट संस्थागत क्षमता सुदृढ गर्न सकिन्छ।

सुशासन लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत पक्ष हो। नागरिकको विश्वास अभिवृद्धि गर्न सार्वजनिक सेवा सरल, छिटो, पारदर्शी, जवाफदेही, गुणस्तरीय तथा प्रविधिमैत्री हुन आवश्यक छ। सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग, जनशक्तिको उचित परिचालन, आन्तरिक स्रोतको परिचालन

तथा सरकारी, गैरसरकारी र निजी क्षेत्रबीच सहकार्यले नगरपालिकाको संस्थागत क्षमता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ।

### ७.१.२. समस्या तथा चुनौती

यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्।

- नागरिकमा कानुनी साक्षरता तथा न्यायिक प्रक्रिया सम्बन्धी ज्ञानको कमी हुनु।
- न्यायिक समितिको कार्यसम्पादनलाई थप निष्पक्ष, प्रभावकारी तथा व्यावसायिक बनाउन चुनौती हुनु।
- न्यायिक समितिमा प्राप्त विवादको समयमै निरुपण तथा मेलमिलाप गर्न कठिनाइ हुनु।
- नगरपालिकाको अधिकार क्षेत्रभित्र आवश्यक कानुन, नियम तथा कार्यविधिको निरन्तर परिमार्जन तथा अद्यावधिक आवश्यक हुनु।
- संविधान तथा प्रचलित कानुनले स्थानीय तहलाई प्रदान गरेका सबै अधिकारको अधिकतम उपयोग हुन नसक्नु।
- योजना तर्जुमा तथा कार्यान्वयनमा नागरिक सहभागिता र अपनत्व अपेक्षाकृत कम हुनु।
- सुशासनका सिद्धान्त तथा आधार सम्बन्धी जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्था हुनु।
- नगरपालिकाबाट प्राप्त हुने सेवा, सुविधा तथा नागरिकका अधिकार र कर्तव्यबारे आम नागरिकमा पर्याप्त जानकारी नहुनु।
- दक्ष जनशक्तिलाई संस्थामा निरन्तरता दिन तथा कर्मचारीको Retention कायम गर्न चुनौती हुनु।
- स्वीकृत संगठन संरचनाअनुसार आवश्यक जनशक्ति समयमै पदपूर्ति गर्न कठिनाइ हुनु।
- जनशक्तिको कार्यविभाजन, जिम्मेवारी तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था हुनु।
- सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग तथा डिजिटल प्रणालीको विस्तारमा चुनौती हुनु।
- नागरिकको बढ्दो अपेक्षाअनुसार छिटो, सरल तथा गुणस्तरीय सेवा प्रवाह गर्न चुनौती हुनु।
- नगरपालिका तथा सार्वजनिक निकायप्रति नागरिकको विश्वास र अपनत्व थप अभिवृद्धि गर्न आवश्यक हुनु।
- आन्तरिक राजस्वको दायरा तथा परिचालन क्षमता वृद्धि गर्न चुनौती हुनु।
- सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक संस्थाबीच पर्याप्त समन्वय र साझेदारी हुन नसक्नु।
- भ्रष्टाचार नियन्त्रण, पारदर्शिता तथा जवाफदेहितालाई थप संस्थागत गर्न आवश्यक हुनु।
- शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणका लागि सम्बन्धित निकायसँगको समन्वयलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था हुनु।

### ७.१.३. सोच

"न्यायिक, पारदर्शी, जवाफदेही, जनमुखी तथा परिणाममुखी स्थानीय शासन र सक्षम नगरपालिका"

### ७.१.४. उद्देश्य

- न्यायिक निरुपण तथा मेलमिलापका माध्यमबाट दिगो शान्ति स्थापना गर्नु।
- समाजमा शान्ति, सुरक्षा तथा अमनचयन कायम गर्न सहयोग पुर्‍याउनु।
- नगरपालिकाको नीतिगत तथा कानुनी आधारलाई सुदृढ र समयसापेक्ष बनाउनु।
- सक्षम, दक्ष, पारदर्शी, जनमुखी तथा परिणाममुखी संस्थागत संरचना निर्माण गर्नु।
- आवश्यक तथा दक्ष जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।
- नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सरल, छिटो, गुणस्तरीय तथा सूचना प्रविधिमैत्री बनाउनु।
- सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नागरिक सहभागितालाई संस्थागत गर्नु।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमार्फत स्थानीय विकासलाई प्रभावकारी बनाउनु।

### ७.१.५. रणनीति

- न्यायिक समितिको क्षमता विकास गरी न्यायिक निरुपण तथा मेलमिलाप प्रणालीलाई प्रभावकारी, निष्पक्ष तथा पारदर्शी बनाउने।
- नागरिकको कानुनी साक्षरता अभिवृद्धिका लागि कानुनी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- नगरपालिकाका ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिलाई आवश्यकता अनुसार निर्माण, संशोधन तथा अद्यावधिक गर्ने।
- स्थानीय कानुनको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने।
- शान्ति सुरक्षा तथा अमनचयनका लागि प्रहरी, नगर प्रहरी तथा अन्य सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने।
- संस्थागत संरचना तथा कार्यप्रणालीलाई स्थानीय आवश्यकता र कार्यबोझअनुसार समयसापेक्ष बनाउने।
- दक्ष तथा आवश्यक जनशक्तिको व्यवस्थापन, क्षमता विकास तथा निरन्तर पेशागत अभिवृद्धि गर्ने।
- कर्मचारीको कार्यविवरण, कार्यविभाजन तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने।
- दक्ष जनशक्तिलाई संस्थामा निरन्तरता दिन उपयुक्त प्रोत्साहन तथा कार्य वातावरण विकास गर्ने।
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई क्रमशः सूचना प्रविधिमैत्री तथा डिजिटल बनाउने।

- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता तथा नागरिकमैत्री प्रणाली विकास गर्ने।
- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी सुशासन अभिवृद्धि गर्ने।
- नागरिक सहभागिता तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने।
- आन्तरिक राजस्वको दायरा विस्तार तथा राजस्व प्रशासनलाई प्रभावकारी बनाउने।
- अन्तरसरकारी समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने।
- सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक क्षेत्रको सक्रिय सहभागितामा स्थानीय विकास कार्यक्रम सञ्चालन गर्ने।
- संस्थागत अभिलेख, सूचना तथा ज्ञान व्यवस्थापनलाई व्यवस्थित गरी संस्थागत स्मृति विकास गर्ने।
- नवीनतम प्रविधि, सिर्जनशीलता तथा नवप्रवर्तनलाई सार्वजनिक सेवा तथा प्रशासनमा प्रयोग गर्ने।

### ७.१.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाका आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ऐन/नियम/कार्यविधि निर्माण तथा अद्यावधिक | सङ्ख्या | १८ | २० | १५ | १२ | १० |
| न्यायिक/विवाद निरुपण | वटा | ३७ | ४० | ४५ | ५० | ५५ |
| स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा प्राप्त अंक | प्रतिशत | ७५.३ | ८५ | ९० | ९२ | ९५ |
| जनशक्ति पदपूर्ति | सङ्ख्या | १८७ | १८८ | १९४ | १९४ | १९४ |
| सूचना प्रविधिमैत्री सेवा प्रवाह | वटा | ८ | १० | १० | १० | १० |
| नागरिक गुनासो फछ्र्यौट/सेवा सम्बन्धी प्रतिक्रिया व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कानुनी सचेतना तथा सुशासनसम्बन्धी कार्यक्रम | सङ्ख्या | २ | ३ | ५ | ५ | ५ |

### ७.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तथा मध्यमकालीन बजेट खाकाका आधारमा यस **संस्थागत क्षमता तथा सुशासनउपक्षेत्र**को खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | ३०९६१७ | २५७३५० | ५२२६७ | ० | ३०९६१७ | २८३८५० | २५७६७ | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **२०८४/८५** | ३०९६१७ | २५७३५० | ५२२६७ | ० | ३०९६१७ | २८३८५० | २५७६७ | ० | ० |
| **२०८५/८६** | ३०९६१७ | २५७३५० | ५२२६७ | ० | ३०९६१७ | २८३८५० | २५७६७ | ० | ० |

### ७.१.८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संस्थागत विकास र सुशासन सम्बन्धि सालवसाली कार्यक्रम | संस्थागत विकास र सुशासनसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ९२८८५१ | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

## ७.२. राजश्व र स्रोत परिचालन

### ७.२.१. पृष्ठभूमि

राजश्व सङ्कलन र प्रभावकारी परिचालन विना सार्वजनिक सेवाहरुको प्रभावकारिता हुन सक्दैन । राजश्व र स्रोत बिना कुनै पनि तहका सरकारहरुले जनतालाई दिनु पर्ने सेवा सुविधाको प्रत्याभूत हुन सक्दैन। सरकारले सिमित स्रोतको प्रभावकारी परिचालनबाट जनताका मागलाई सम्बोधन गर्नुपर्ने हुन्छ । कर प्रणाली पारदर्शी र जनभावना अनुकुल भएमा मात्र कर प्रति सकारात्मक अवधारणा विकास भई स्वतःस्फूर्त रुपमा कर तिर्ने बानीको विकास हुन्छ । नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र सम्पति कर, घरबहाल कर विज्ञापन कर, व्यावसाय कर, मालपोत, सवारीसाधन कर, मनोरञ्जन कर, घरजग्गा राजिष्ट्रेशन कर, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना लगाई कर उठाउन सक्ने व्यवस्था संबिधानले गरेको छ । कर लगाउँदा नगरपालिकाले सेवाग्राहीको सुविधासँग आवद्ध गर्नुपर्दछ । जुन क्षेत्रबाट कर असुल भएको हो अधिकतम हिस्सा सोही क्षेत्रको विकास तथा व्यवस्थापनमा लगाउनु पर्दछ । नगरपालिकाले आफ्नो आन्तरिक आय वृद्धिको लागि विद्यमान सम्पत्ति परिचालन गरी व्यावसायिक सेवामूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ र निजी क्षेत्रको पूँजी अधिकतम परिचालन गर्न पहल गर्नुपर्ने देखिन्छ । राजश्व स्रोतको परिचालन प्रभावकारी बनाउन प्रणाली विकास, जनशक्ति विकास, संयन्त्रहरुको विकास, करका दरहरुको समयसापेक्ष पुनरावलोकन गरिनु पर्दछ ।

### ७.२.२. समस्या तथा चुनौती

नगरपालिकाले निर्धारण गरेको करयोग्य क्षेत्रभित्र करको दायरामा आउन नसकेको, राजश्व सुधार कार्ययोजना अनुरुप कार्य हुन नसकेको, देशको अर्थतन्त्रमा देखिएको मन्दीका कारण अनुमानित करका क्षेत्रहरु संकुचन भएको, आन्तरिक स्रोत परिचालन तथा खोजी गर्न सक्ने जनशक्तिको विकास नहुनु,

दिगो र भरपर्दो स्रोतको अभाव करसँग विभिन्न सरोकारवालाहरुलाई समन्वय गर्न नसक्दा सम्भावित कर उठ्न नसकेको, राजश्व परिचालनमा संगठनात्मक तथा जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि तर्फ ध्यान दिन नसकिएको, वित्तीय अनुशासनको कमीले बेरुजु बढ्दै गएको , आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुँदै गएको, पुँजीगत बजेट अपेक्षित रुपमा परिचालन गर्न नसकिएको, चालु खर्चमा अधिक बढोत्तरी हुँदै गइरहेको यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

विकास योजनाहरु समयमै सुरु गरी पुँजीगत खर्च वृद्धि गर्नु, सबै करयोग्य क्षेत्रहरुलाई करको दायरामा ल्याई आन्तरिक राजश्वको दायरा फराकिलो पार्नु, आन्तरिक लेखा परीक्षण तथा नियन्त्रण प्रणालीलाई सुदृढ गर्नु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई नातिजमूलक तथा यथार्थपरक बनाउनु, कर प्रणालीलाई सम्पूर्ण रुपमा सूचना प्रविधिमा आधारित बनाउनु, सार्वजनिक खर्च आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रवृत्तिलाई रोक्नु, असीमित जनआकांक्षाका बीच सिमित साधन र स्रोतको प्रभावकारी परिचालन गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरु हुन् ।

### ७.२.३. सोच

प्रभावकारी राजश्व परिचालन गरी वित्तीय सुशासन कायम गर्ने।

### ७.२.४. उद्देश्य

- करको दायरा फराकिलो बनाउँदै निजी क्षेत्रको सहभागिता बढाउनु ।
- सार्वजनिक आय र खर्च प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउनु ।
- संस्थागत समन्वय वृद्धि गर्दै स्रोत र साधनको न्यायोचित वितरण सुनिश्चित गर्नु ।

### ७.२.५. रणनीति

- नगरपालिका क्षेत्र भित्र हुने सबै आर्थिक क्रियाकलापलाई क्रमशः करको दायरामा ल्याई आन्तरिक राजश्वको दायरा फराकिलो बनाउने ।
- वित्तीय व्यवस्थापन प्रणालीलाई सुधार गर्दै जाने ।
- सार्वजनिक विकास निर्माणलाई व्यवस्थित गर्ने ।
- आर्थिक अनुशासन कायम गर्नका लागि योजना परियोजनाहरुको लागत सबै जनताले थाहा पाउने गरी सार्वजनिक गर्ने ।
- दीर्घकालीन महत्व राख्ने र ठूला पूर्वाधार विकासका आयोजनाहरुमा ऋण सहायता लिने नीति लागू गर्ने ।
- कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य क्षेत्रका परियोजना सञ्चालनको लागि सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयन गर्ने ।

### ७.२.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम/आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | २०८१/८२को यथार्थ | २०८२/८३को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| नगरपालिकाको आन्तरिक आयमा वृद्धि | प्रतिशत | २७.२ | १० | १० | १० | १० |

### ७.२.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०८३/८४ | १६०० | १६०० | ० | ० | १६०० | १६०० | ० | ० | ० |
| २०८४/८५ | १६०० | १६०० | ० | ० | १६०० | १६०० | ० | ० | ० |
| २०८५/८६ | १६०० | १६०० | ० | ० | १६०० | १६०० | ० | ० | ० |

### ७.२.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम/आयोजनाको उद्देश्य अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व र स्रोत परिचालनसम्वद्ध सालवसाली कार्यक्रम | राजस्व र स्रोत परिचालनसम्वद्ध कार्यक्रमहरु व्यवस्थापन गर्नु | सालवसाली | ४८०० | सबै प्रकारका कार्यक्रमहरुको निरन्तरता भएको हुने |

# ८. अनुसूची १- खर्च तथा स्रोतको अनुमान, विषयगत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण

| क्रस | विषय क्षेत्र | कुल | २०८३/८४को खर्च प्रक्षेपण (रकम रु. हजारमा) | | | | २०८४/८५ कोखर्च प्रक्षेपण (रकम रु. हजारमा) | | | | २०८५/८६ को खर्च प्रक्षेपण (रकम रु. हजारमा) | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजी | वि | कुल | चालु | पूँजी | वित्ति | कुल | चालु | पूँजी | वित्ति | स्तम रण | प्राथ | विक दिगो | सं लै | संके जल |
| क | आर्थिक क्षेत्र | ४५६३६९ | १५५७०३ | ४११९५ | ११४५०८ | ० | १५०३३३ | ३५८२५ | ११४५०८ | ० | १५०३३३ | ३५८२५ | ११४५०८ | ० | | | | | |
| १ | *कृषि सिँचाई तथा खाद्य सुरक्षा* | ३७३३५ | १२४४५ | १०९४५ | १५०० | ० | १२४४५ | १०९४५ | १५०० | ० | १२४४५ | १०९४५ | १५०० | ० | s1 | p1 | 2,12 | 2 | 2 |
| १.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | १२४३५ | ४१४५ | ४१४५ | 0 | ० | ४१४५ | ४१४५ | 0 | ० | ४१४५ | ४१४५ | 0 | ० | | | | | |
| १.३ | कृषि तथा खाद्य सुरक्षा सालवसाली कार्यक्रम | २४९०० | ८३०० | ६८०० | १५०० | ० | ८३०० | ६८०० | १५०० | ० | ८३०० | ६८०० | १५०० | ० | s1 | p1 | 2,12 | 2 | 2 |
| २ | *पशुपन्छी विकास* | २६५१४ | १२४१८ | १२२५० | १६८ | ० | ७०४८ | ६८८० | १६८ | ० | ७०४८ | ६८८० | १६८ | ० | s1 | p2 | 2 | 2 | 3 |
| २.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ८५१४ | ६४१८ | ६२५० | १६८ | ० | १०४८ | ८८० | १६८ | ० | १०४८ | ८८० | १६८ | ० | s1 | p2 | 2 | 2 | 3 |
| २.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| २.३ | पशुपन्छी विकास सालवसाली कार्यक्रम | १८००० | ६००० | ६००० | ० | ० | ६००० | ६००० | ० | ० | ६००० | ६००० | ० | ० | s1 | p2 | 2 | 2 | 3 |
| ३ | *भूमि, सहकारी, वित्त, उद्योग, व्यापार तथा आपूर्ति व्यवस्था* | ९३०० | ३१०० | २६०० | ५०० | ० | ३१०० | २६०० | ५०० | ० | ३१०० | २६०० | ५०० | ० | s9 | p2 | 8,12,15 | 2 | 3 |
| ३.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ३.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ३.३ | भूमि, सहकारी, वित्त, उद्योग, व्यापार तथा आपूर्ति व्यवस्था सम्वद्ध सालवसाली | ९३०० | ३१०० | २६०० | ५०० | ० | ३१०० | २६०० | ५०० | ० | ३१०० | २६०० | ५०० | ० | s9 | p2 | 8,12,15 | 2 | 3 |
| ४ | *पर्यटन तथा संस्कृति* | ३७५८७० | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | १३९५० | १११३४० | ० | s6 | p2 | 11,15,16 | 2 | 2 |
| ४.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ४.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ४.३ | पर्यटन तथा संस्कृति विकास सालवसाली | ३७५८७० | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | १३९५० | १११३४० | ० | १२५२९० | १३९५० | १११३४० | ० | s6 | p2 | 11,15,16 | 2 | 2 |
| ६ | *श्रम, रोजगारी र गरिबी निवारण* | ७३५० | २४५० | १४५० | १००० | ० | २४५० | १४५० | १००० | ० | २४५० | १४५० | १००० | ० | s3 | p2 | 8 | 2 | 3 |
| ६.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ४३५० | १४५० | १४५० | ० | ० | १४५० | १४५० | ० | ० | १४५० | १४५० | ० | ० | s3 | p2 | 8 | 2 | 3 |
| ६.३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३००० | १००० | ० | १००० | ० | १००० | ० | १००० | | १००० | ० | १००० | ० | s3 | p2 | 8 | 2 | 3 |
| **ख** | **सामाजिक क्षेत्र** | **१६१०९९५** | **५३०३६५** | **४६५९६५** | **६४४००** | **०** | **५३९०६५** | **४७४६६५** | **६४४००** | **०** | **५४१५६५** | **४७७१६५** | **६४४००** | **०** | | | | | |
| *१* | *शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन* | ६३५१७८ | २११७२६ | २०४२२६ | ७५०० | ० | २११७२६ | २०४२२६ | ७५०० | ० | २११७२६ | २०४२२६ | ७५०० | ० | s4 | p2 | 4 | 2 | 3 |
| १.१ | प्रदेश सरकारको शिक्षा तर्फको शसर्त कार्यक्रम | १८७५ | ६२५ | ६२५ | ० | ० | ६२५ | ६२५ | ० | ० | ६२५ | ६२५ | ० | ० | s4 | p2 | 4 | 2 | 3 |
| १.२ | संघीय सरकार शिक्षा तर्फको शसर्त कार्यक्रम | ५०७००० | १६९००० | १६९००० | ० | ० | १६९००० | १६९००० | ० | ० | १६९००० | १६९००० | ० | ० | s4 | p2 | 4 | 2 | 3 |
| १.३ | शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन सम्वद्ध सालवसाली | १२६३०३ | ४२१०१ | ३४६०१ | ७५०० | ० | ४२१०१ | ३४६०१ | ७५०० | ० | ४२१०१ | ३४६०१ | ७५०० | ० | s4 | p2 | 4 | 2 | 3 |
| *२* | *जनस्वास्थ्य र पोषण* | ३९२५२० | १३०८४० | ११५९९० | १४८५० | ० | १३०८४० | ११५९९० | १४८५० | ० | १३०८४० | ११५९९० | १४८५० | ० | s4 | p1 | 3 | 2 | 2 |
| २.१ | प्रदेश सरकारको स्वास्थ्य तर्फको शसर्त कार्यक्रम | १२००० | ४००० | ५०० | ३५०० | ० | ४००० | ५०० | ३५०० | ० | ४००० | ५०० | ३५०० | ० | s4 | p1 | 3 | 2 | 2 |
| २.२ | संघीय सरकार स्वास्थ्य तर्फको शसर्त कार्यक्रम | २३६७०० | ७८९०० | ७८९०० | ० | ० | ७८९०० | ७८९०० | ० | ० | ७८९०० | ७८९०० | ० | ० | s4 | p1 | 3 | 2 | 2 |
| २.३ | जनस्वास्थ्य र पोषण सम्वद्ध सालवसाली कार्यक्रम | १४३८२० | ४७९४० | ३६५९० | ११३५० | ० | ४७९४० | ३६५९० | ११३५० | ० | ४७९४० | ३६५९० | ११३५० | ० | s4 | p1 | 3 | 2 | 2 |
| *३* | *खानेपानी र सरसफाइ* | १२७९५० | ४२६५० | ६०० | ४२०५० | ० | ४२६५० | ६०० | ४२०५० | ० | ४२६५० | ६०० | ४२०५० | ० | s4 | p1 | 6 | 2 | 2 |
| ३.१ | प्रदेश सरकारको तर्फको शसर्त/समपुरक/विशेष कार्यक्रम | २१००० | ७००० | ० | ७००० | ० | ७००० | ० | ७००० | ० | ७००० | ० | ७००० | ० | s4 | p1 | 6 | 2 | 2 |
| ३.२ | संघीय सरकार तर्फको शसर्त/समपुरक/विशेष कार्यक्रम | १५३०० | ५१०० | 600 | ४५०० | ० | ५१०० | 600 | ४५०० | ० | ५१०० | 600 | ४५०० | ० | s4 | p1 | 6 | 2 | 2 |
| ३.३ | सरसफाइ कार्यक्रम सालवसाली | ९१६५० | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | ० | ३०५५० | ० | s4 | p1 | 6 | 2 | 2 |
| *४* | *सामाजिक समावेशीकरण र संरक्षण* | ४१५४७ | १३८४९ | १३८४९ | ० | ० | १३८४९ | १३८४९ | ० | ० | १३८४९ | १३८४९ | ० | ० | s5 | p2 | 4,5,16 | 1 | 3 |
| ४.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ११०४ | ३६८ | ३६८ | ० | ० | ३६८ | ३६८ | ० | ० | ३६८ | ३६८ | ० | ० | s5 | p2 | 4,5,16 | 1 | 3 |
| ४.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | २०७३ | ६९१ | ६९१ | ० | ० | ६९१ | ६९१ | ० | ० | ६९१ | ६९१ | ० | ० | s5 | p2 | 4,5,16 | 1 | 3 |
| ४.३ | महिला, बालबालिका र सामाजिक समावेशीकरण सालवसाली | ३८३७० | १२७९० | १२७९० | ० | ० | १२७९० | १२७९० | ० | ० | १२७९० | १२७९० | ० | ० | s5 | p2 | 4,5,16 | 1 | 3 |
| *६* | *सामाजिक सुरक्षा र पञ्जिकरण* | ४१३८०० | १३१३०० | १३१३०० | ० | ० | १४०००० | १४०००० | ० | ० | १४२५०० | १४२५०० | ० | ० | s5 | p2 | 4 | 2 | 3 |
| ६.१ | सामाजिक सुरक्षा र पञ्जिकरण सालवसाली | ४१३८०० | १३१३०० | 131300 | 0 | 0 | १४०००० | 140000 | 0 | 0 | १४२५०० | 142500 | 0 | 0 | s5 | p2 | 4 | 2 | 3 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग | पूर्वाधार क्षेत्र | 1023915 | 341305 | 10000 | 331305 | 0 | 341305 | 10000 | 331305 | 0 | 341305 | 10000 | 331305 | 0 | | | | | |
| १ | *भवन, आवास, वस्ती तथा शहरी विकास* | ३५५५०० | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ० | ११८५०<br>० | ० | s8 | p2 | 11,16 | 2 | 3 |
| १.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.३ | भवन, आवास/ वस्ती शहरी विकास सालवसाली | ३५५५०० | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ० | ११८५०० | ० | ११८५०<br>० | ० | s8 | p2 | 11,16 | 2 | 3 |
| २ | *सडक, पुल तथा यातायात* | ६२३४१५ | २०७८०५ | ० | २०७८०५ | ० | २०७८०५ | ० | २०७८०५ | ० | २०७८०५ | ० | २०७८०<br>५ | ० | s9 | p1 | 9 | 2 | 2 |
| २.१ | प्रदेश सरकारको तर्फको शसर्त/समपुरक/विशेष कार्यक्रम | १२००० | ४००० | ० | ४००० | ० | ४००० | ० | ४००० | ० | ४००० | ० | ४००० | ० | s9 | p1 | 9 | 2 | 2 |
| २.२ | संघीय सरकार तर्फको शसर्त/समपुरक/विशेष कार्यक्रम | १५००० | ५००० | ० | ५००० | ० | ५००० | ० | ५००० | ० | ५००० | ० | ५००० | ० | s9 | p1 | 9 | 2 | 2 |
| २.३ | सडक, पुल तथा यातायातसम्वद्ध सालवसाली कार्यक्रम | ५९६४१५ | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०५ | ० | १९८८०<br>५ | ० | s9 | p1 | 9 | 2 | 2 |
| ३ | *विद्युत र स्वच्छ उर्जा* | ३००० | १००० | ० | १००० | ० | १००० | ० | १००० | ० | १००० | ० | १००० | ० | s8 | p1 | 11 | 2 | 3 |
| ३.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ३.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ३.३ | विद्युत र स्वच्छ उर्जा सालवसाली | ३००० | १००० | ० | १००० | ० | १००० | ० | १००० | ० | १००० | ० | १००० | ० | s8 | p1 | 11 | 2 | 3 |
| ४ | *सूचना र संचार प्रविधि* | ४२००० | १४००० | १०००० | ४००० | ० | १४००० | १०००० | ४००० | ० | १४००० | १०००० | ४००० | ० | s10 | p2 | 9 | 2 | 3 |
| ४.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | १५०० | ५०० | ० | ५०० | ० | ५०० | ० | ५०० | ० | ५०० | ० | ५०० | ० | s10 | p2 | 9 | 2 | 3 |
| ४.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ४.३ | सूचना र संचार प्रविधि सम्वद्ध सालवसाली | ४०५०० | १३५०० | १०००० | ३५०० | ० | १३५०० | १०००० | ३५०० | ० | १३५०० | १०००० | ३५०० | ० | s10 | p2 | 9 | 2 | 3 |
| घ | वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन | ४७७०० | १५९०० | २४०० | १३५०० | ० | १५९०० | २४०० | १३५०० | ० | १५९०० | २४०० | १३५०० | ० | s8 | p2 | 13 | 2 | 1 |
| १.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.<br>३ | वन, वातावरण, भूसंरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन सालवसाली | ४७७०० | १५९०० | २४०० | १३५०० | ० | १५९०० | २४०० | १३५०० | ० | १५९०० | २४०० | १३५०० | ० | s8 | p2 | 13 | 2 | 1 |
| ५ | संस्थागत विकास र सुशासन | ९२८८५१ | २३४०० | २०९०० | ० | ० | २३४०० | २०९०० | ० | ० | २३४०० | २०९०० | ० | ० | | | | | |
| १ | *नीति, कानुन, न्याय, संस्थागत क्षमता तथा सुशासन* | ९२८८५१ | २३४०० | २०९०० | ० | ० | २३४०० | २०९०० | ० | ० | २३४०० | २०९०० | ० | ० | s10 | p2 | 16 | 2 | 3 |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| १.३ | नीति, कानुन, न्याय, संस्थागत क्षमता तथा सुशासन सम्वद्ध सालवसाली कार्यक्रम | ९२८८५१ | ३०९६१७ | २५७३५० | ५२२६७ | ० | ३०९६१७ | २५७३५० | ५२२६७ | ० | ३०९६१७ | २५७३५० | ५२२६७ | ० | s10 | p2 | 16 | 2 | 3 |
| *३* | *राजस्व र स्रोत परिचालन* | *४८००* | *१६००* | *१६००* | *०* | *०* | *१६००* | *१६००* | *०* | *०* | *१६००* | *१६००* | *०* | *०* | s10 | p2 | 16 | 2 | 3 |
| ३.१ | प्रदेश सरकारको तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ३.२ | संघीय सरकार तर्फको शसर्त कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | | |
| ३.३ | राजस्व र स्रोत परिचालन सम्वद्ध सालवसाली खर्च | ४८०० | १६०० | १६०० | ० | ० | १६०० | १६०० | ० | ० | १६०० | १६०० | ० | ० | s10 | p2 | 16 | 2 | 3 |
| | **जम्मा** | ४०६७८३<br>० | १०६६६७<br>३ | ५४०४६० | ५२३७१३ | ० | १०७०००<br>३ | ५४३७९० | ५२३७१३ | ० | १०७२५०<br>३ | ५४६२९० | ५२३७१<br>३ | ० | | | | | |